नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८१/८२
च.नं. : २२१

य.स.प्र.
१४६
२१२३

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मिति:२०८२/२/२१
ने.सं.११४५ तछलाथ्व ९ बुधबार

श्री राष्ट्रिय योजना आयोग,
सिंहदरबार, काठमाडौं ।

विषय: निर्णय सम्बन्धमा।

प्रस्तुत विषयमा खाद्य प्रणाली रुपान्तरणको रणनीतिक योजना (२०८१/८२-२०८६/८७) स्वीकृत गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्ले गरेको निर्णयको प्रतिलिपि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(जनक कुमार झा)
अर्थशास्त्री

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
दर्ता/चलानी नं.: १२४६
मिति: २०८२/०२/२३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

म.बै./३२१/ ८३४८

मितिः २०८२/२/१२
नेपाल संवत् ११४५

श्री सचिव (विकास व्यवस्थापन),
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/०८२-२०८६/०८७) स्वीकृत गर्ने विषय म.प.बै.सं. ८/०८२ मिति २०८२/२/१२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय–</u>

"खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/०८२-२०८६/०८७) स्वीकृत गर्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दर्ता नं. १/२-०८२/१/८ को प्रस्ताव म.प.बै.सं. २/०८२ मिति २०८२/१/८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०८२/१/२४ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन भएबमोजिम यसैसाथ संलग्न "खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/८२-२०८६/८७)" स्वीकृत गर्ने।"

आर्थिक मामिला तथा नीति
विश्लेषण महाशाखा

(एकनारायण अर्याल)
मुख्यसचिव

<u>बोधार्थः</u>
श्री सचिव,
मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समिति।

विकास व्यवस्थापन क्षेत्र
दर्ता नं. :- २०६५
मिति :- २०८२।२।१०

टेलिफोन : ४२११०००, ४२११००९, ४२११०२५, ४२११०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या : ४२/०८२
च.नं. : म.स.सं./३२२/५८५८

सिंहदरबार, काठमाडौं
नेपाल।
मितिः २०८२/१/२४
नेपाल संवत् ११४५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

मिति २०८२/१/२४ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु।

"खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/८२-२०८६/८७) स्वीकृत गर्ने विष्यको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दर्ता नं. १/२-०८२/१/८ को प्रस्ताव म.प.बै.सं. २/०८२ मिति २०८२/१/८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश भइ छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/८२-२०८६/८७)" स्वीकृतिका लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने।"

(राजकुमार श्रेष्ठ)
सचिव

टेलिफोन : ५९७१०००, ५९७१००१ ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.rp
वेब साइट : http://www.opmcm.gov.np

# खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना
(२०८१/८२-२०८६/८७)

## विषय सूची


१. पृष्ठभूमि ........ १

२. प्रमुख सनन्या तथा चुनौती ........ ३

३. अवसर ........ ४

४. सोच ........ ५

५. लक्ष्य ........ ५

६. उद्देश्य ........ ५

७. रणनीति र कार्यनीति ........ ५

८. कार्ययोजना ........ २३

९. अपेक्षित उपलब्धि ........ २३

१०. अनुगमन तथा मूल्याङ्कन ........ २४

११. अनुसूचीः कार्य योजना (Action Plan) ........ २५


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमि

खाद्य प्रणाली समग्र कृषि-खाद्य शृङ्खलामा आधारित एक विशिष्ट र बहुआयामिक प्रणाली हो। यस प्रणालीले किसानले उत्पादन गरेदेखि प्रशोधन, भण्डारण, बजार व्यवस्था, वितरण लगायत खाद्य शृङ्खलाका विभिन्न चरण हुँदै उपभोक्ताको उपभोगको अवस्था तथा विसर्जनसम्मको चरणलाई समेट्दछ। खाद्य प्रणालीका यी चरणहरूमा सम्बन्धित सरोकारवालाहरूको सामाजिक, आर्थिक तथा वातावरणीय अन्तरक्रिया र प्रभाव रहने गर्दछ। खाद्य प्रणालीले मानिसको दैनिकी, आर्थिक-सामाजिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य प्रभाव पार्ने हुँदा यसको दिगोपनाले मात्र दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्दछ।

नेपालको संविधानले नागरिकको खाद्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। तदनुरूप नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ एवम् नियमावली, २०८० जारी गरी कार्यान्वयनमा ल्याएको छ। विगतदेखिको प्रयासका फलस्वरूप खाद्य सुरक्षाको अवस्थामा सुधार भए तापनि आन्तरिक उत्पादन आशातीत रूपमा बढ्न नसक्दा खाद्य तथा कृषि आयात वर्षेनी बढ्दै गइरहेको छ। यसले दिगो खाद्य सुरक्षामा चुनौती थपेको छ भने परनिर्भरता पनि बढाएको छ।

मुलुकको विद्यमान खाद्य प्रणालीले खाद्य उपलब्धता, पोषण, आर्थिक समृद्धि तथा समग्र वातावरणका क्षेत्रमा अपेक्षाकृत सकारात्मक प्रभाव पार्न सकिरहेको छैन। प्राकृतिक स्रोतको दोहन, भूमिको खण्डीकरण र क्षयीकरण, उर्वराशक्ति तथा जैविक विविधतामा ह्रास, बढ्दो जलवायुजन्य सङ्कट र कृषिमा युवाको न्यून संलग्नताले खाद्य प्रणालीमा चुनौती थपिँदै गएको छ। कोभिड-१९ महामारी तथा भू-राजनीतिक अवस्थाले खाद्य प्रणालीमा नकारात्मक असर पर्नुको साथै देशको समग्र सामाजिक, आर्थिक तथा मानवीय क्षेत्र समेत प्रभावित बन्न पुगेको छ।

जलवायु परिवर्तनको बढ्दो असर र नेपाल जलवायु परिवर्तनको दृष्टिले अति जोखिम मुलुकको रूपमा रहनु, खेतियोग्य जमिन बाँझो हुने क्रममा तीव्रता आउनु, कृषि भूमिको गैरकृषि प्रयोजनमा अत्यधिक प्रयोग हुनु, जङ्गली जनावरले बालीनाली नास गर्ने क्रम बढ्दै जाँदा जग्गा बाँझो हुने र बसाईंसराई हुने क्रममा तीव्रता आएको पाइन्छ। साथै कमजोर प्रतिस्पर्धात्मक क्षमताको कारण लागतको तुलनामा प्रतिफल कम हुँदा कृषि पेशाबाट नै पलायन हुने क्रम बढ्दै गएको देखिन्छ। यसको अलावा वैश्विक मूल्य शृङ्खलामा आउने उतार चढाव एवम् विश्वका विभिन्न भागमा जारी द्वन्द्व र युद्धको अवस्था लगायतका कारणले आन्तरिक उत्पादन र बजार प्रणाली प्रभावित हुने गरेको छ। यी सबै कारणहरूले हाम्रो समग्र खाद्य प्रणाली नै कमजोर हुँदै गएको देखिन्छ।

खाद्य प्रणालीमा देखिएका माथि उल्लेखित समस्याहरू सम्बोधन गरी देशमा दिगो खाद्य सुरक्षा एवम् पोषणको अवस्थाना सुधार गर्दै देशको आर्थिक विकासलाई समेत टेवा पुऱ्याउनको लागि विद्यमान खाद्य प्रणालीलाई रूपान्तरण गर्नु अपरिहार्य भएको छ। यस्तो रूपान्तरणले मूलतः सबैको लागि पोषिलो र स्वच्छ खानाको सुलभ उपलब्धता; स्रोत साधनको उच्चतन र न्यायोचित उपयोग गरी उत्पादनमा वृद्धि र कृषि उत्पादन तथा उद्यम व्यवसायमा संलग्न साना तथा भूमिहीन कृषक एवम् साना तथा मध्यम उद्यमी र व्यवसायीहरूको जीविकोपार्जनमा सुधार गर्नु पर्दछ।

संयुक्त राष्ट्रसङ्घको अगुवाईमा विश्वव्यापी रूपमा भईरहेको खाद्य प्रणाल रूपान्तरणको अभियानमा नेपाल सहभागी भई सो अवसरको सदुपयोग गर्न सकेमा नेपालमा दिगो खाद्य प्रणाली स्थापना गर्नमा ठूलो सघाउ पुग्न जानेछ। यसै सन्दर्भमा नेपालको संविधान, राष्ट्रिय कृषि नीति, कृषि विकास रणनीति, खाद्य, वन र वातावरणसम्बन्धी राष्ट्रिय नीति, नियम र कानुन, दिगो विकासका लक्ष्यहरू, बहुक्षेत्रीय पोषण योजना, चालु आवधिक योजना, Nutrition for Growth Summit 2021, संयुक्त राष्ट्रसङ्घीय खाद्य प्रणाली शिखर सम्मेलन, २०२१ र सन् २०२३ मा रोममा भएको स्टकटेकिङ्ग सम्मेलनमा सम्माननीय प्रधानमन्त्रीज्यूले नेपालका तर्फबाट प्रस्तुत प्रतिवद्धता तथा राष्ट्रिय र प्रादेशिक खाद्य प्रणाली संवादका निष्कर्षहरूका आधारमा यो रणनीतिक योजना (२०८१/८२-२०८६/८७) तयार गरिएको छ।

यो रणनीतिक योजना संयुक्त राष्ट्रसङ्घले विश्वव्यापी रूपमा खाद्य प्रणालीको रूपान्तरणको लागि अघि सारेका पाँच वटा कार्यक्षेत्र (Action Tracks) र नेपाल आफैंले थप गरेको खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी कार्यक्षेत्र गरी देहायका ६ वटा कार्यक्षेत्रका विषयवस्तुमा आधारित रहेको छ।

(क) सबैका लागि स्वच्छ तथा पोषणयुक्त खाद्य पहुँचको सुनिश्चितता (Ensure Access to Safe and Nutritious Food for All)

(ख) दिगो उपभोग पद्धति अवलम्बन (Shift to Sustainable Consumption Patterns),

(ग) प्रकृतिमैत्री उत्पादन प्रणाली (Boost Nature-Positive Production System),

(घ) समन्यायिक जीविकोपार्जनमा बढोत्तरी (Advancing Equitable Livelihoods),

(ङ) विपद् तथा जोखिम विरुद्धमा उत्थानशील खाद्य प्रणाली निर्माण (Build Resilience to Vulnerabilities, Shocks and Stress)

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(च) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐनका प्रावधान, खाद्य सुशासन र खाद्य प्रणाली रूपान्तरण (Provision of Right to Food and Food Sovereinty Act, Food Governance and Food System Transformation)

खाद्य प्रणाली रूपान्तरणका प्रयासलाई मार्गदर्शन गर्न राष्ट्रिय योजना आयोगका सदस्य (कृषि क्षेत्र) को संयोजकत्वमा खाद्य प्रणाली निर्देशक समिति गठन भई कार्यरत छ। मौजुदा खाद्य प्रणाली रूपान्तरणका सन्दर्भमा सङ्घीय र प्रादेशिक मन्त्रालय, विभाग, अनुसन्धान र शैक्षिक निकाय, गैरसरकारी संस्था नागरिक समाज तथा विकास साझेदारहरू लगायतका बहुपक्षीय सरोकारवालाहरूबाट प्रतिबद्धताहरू प्राप्त भएका छन्।

खाद्य प्रणाली रूपान्तरणका सन्दर्भमा गरिने कार्यक्रमहरू मार्फत् समग्रमा नेपाल सरकारका लक्षित योजना, कार्यक्रम, उद्देश्य तथा समृद्धिका पक्षमा योगदान पुऱ्याउन यो रणनीतिक योजना तर्जुमा गरिएको छ।

## २. प्रमुख समस्या तथा चुनौती

नेपालको विद्यमान कृषि प्रणाली निर्वाहमुखी तथा परम्परागत प्रविधिमा आधारित रहेको छ। आशातीत रूपमा व्यवसायीकरण हुन नसक्नु तथा आधुनिक प्रविधिको उपयोगको अवस्था कमजोर रहेका कारण उत्पादन तथा उत्पादकत्व न्यून हुनु, लागतको तुलनामा प्रतिफल न्यून हुनु, उत्पादन पश्चात् मूल्य शृङ्खलाका विभिन्न चरणहरूमा क्षति तथा नोक्सानी धेरै हुनु समस्या एवम् चुनौतीको रूपमा रहेका छन् यसका साथै जलवायु उत्थानशीलता कमजोर हुनु, बारम्बारको प्राकृतिक विपद्का कारण क्षति हुनु, विपद् पूर्वतयारी तथा पूर्वानुमानको क्षमता न्यून हुनु आदि प्रमुख समस्याको रूपमा रहेका छन्। साथै लैङ्गिक विभेद कायम रहनु, भूगोल र बजार उत्तरदायी अनुसन्धानमा लगानी न्यून हुनु, कृषिमा आधारित अनुसन्धान-प्रसार-शिक्षासम्बद्ध त्रिपक्षीय सहकार्य र समन्वय कमजोर हुनु, उत्तरदायी निकायहरू र सरोकारवाला सङ्घसंस्थाहरूसँगको सहकार्य र समन्वय कमजोर हुनु जस्ता अन्य समस्याहरू रहेका छन्। भूमिगत जलस्रोतको अत्यधिक दोहनका कारण द्रुत गतिमा जमिनमुनिको पानीको स्रोत घट्दै जानु, कृषि पूर्वाधारहरू जस्तैः भण्डारण, बजारीकरण र शीत भण्डार सीमित हुनु तथा अन्तर-सरकारी तथा अन्तर-निकाय समन्वयको अवस्था कमजोर हुनु थप समस्याहरूको रूपमा रहेका छन्। यी सबै कारक तत्वहरूका समग्र प्रभावको रूपमा हाल १२.५ प्रतिशत जनसंख्या खाद्य असुरक्षित हुनुको साथै ५ वर्ष मुनिका २५ प्रतिशत बालबालिकाहरूमा पुड्कोपना रहेको छ।

खुला अर्थतन्त्रको अवलम्बन, विप्रेषणबाट प्राप्त आम्दानी र बढ्दो शहरीकरणको प्रभावले गर्दा खाद्य व्यवहारमा परिवर्तनको प्रवृत्ति बढ्दो छ। विशेषतः खाद्य व्यवहारमा परिवर्तन, अति प्रशोधित खाद्य उपभोग गर्ने प्रवृत्तिमा देखिएको वृद्धि रोक्नु, स्थानीय पोषणयुक्त आहारको प्रयोग बढाउनु, खाद्य तथा पोषण सुरक्षासम्बन्धी सचेतना बढाउनु, नियमन प्रणालीलाई प्रभावकारी बनाउनु खाद्य प्रणालीको मुख्य चुनौतीका रूपमा रहेका छन्।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बजारसँगको सम्बन्ध तथा वितरण प्रणाली कमजोर हुँदा खाद्यको गुणस्तर खस्कने जोखिम बढ्नुको साथै उत्पादकले पाउने र उपभोक्ताले तिर्ने मूल्यबीचको फरक उच्च रहेको छ। मुलुकको आन्तरिक उत्पादनलाई बाह्य उत्पादन, बजार सञ्जाल र वितरण प्रणालीसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु, व्यवस्थापकीय क्षमता लगायत खाद्य सञ्चयका लागि आवश्यक आपत्कालीन भण्डारण तथा वितरण प्रणाली प्रभावकारी बनाउनु थप चुनौतीका रूपमा रहेका छन्। खाद्य सम्प्रभुता एवम् खाद्य अधिकारसम्बन्धी संवैधानिक व्यवस्था तथा नीतिगत मार्गदर्शनलाई व्यवहारमा रूपान्तरण गर्न तीनै तहका सरकार र प्रमुख सरोकारवाला निकायहरूबीच पर्याप्त समन्वय र सहकार्य गर्नु अर्को प्रमुख चुनौती रहेको छ।

## ३. अवसर

नेपालमा खाद्य अधिकार र खाद्य सम्प्रभुताका लागि संवैधानिक, नीतिगत एवम् कानूनी आधार तयार भएको छ। खाद्यवस्तु उत्पादनका लागि कृषकहरूले प्राप्त गरिरहेको मुख्य बालीहरूको उत्पादकत्वको सम्भाव्यतालाई उपयोग गरी उत्पादन वृद्धि गर्न सकिने अवस्था छ। स्थानीयस्तरमा उपलब्ध पोषणयुक्त खाद्यवस्तुहरूको प्रवर्द्धन गरी स्थानीयकृत खाद्य प्रणालीको माध्यमबाट पर्यावरणीय कृषि प्राङ्गारिक कृषि, रैथाने बाली एवम् प्रविधिको संरक्षण र उपयोग एवम् सांस्कृतिक र जैविक विविधताको उच्चतम उपयोग गर्न सकिने अवसर रहेका छन्।

सार्वजनिक, निजी र सामुदायिक सङ्घसंस्थाहरू तथा गैर-सरकारी संस्थाहरूबीच समन्वय र सहकार्य प्रवर्धन गर्न सम्भाव्यताको खोजी गर्ने, सडक पूर्वाधारको द्रुत विकास एवम् बृहत् संयन्त्रको विकास गर्दै उपलब्ध प्रविधिको उच्चतम उपयोग गरी उत्पादन तथा वितरण खर्च न्यून गर्न सकिने सम्भावना रहेका छन्। कृषिजन्य उत्पादन र खाद्य व्यवहार रूपान्तरणमा महिलाको भूमिका अभिवृद्धि गर्न सकिने अवस्था रहेको छ।

खाद्य प्रणाली रूपान्तरणको प्रयास सरोकारवालाहरूको प्राथमिकताको विषय भएकाले सोको प्रवर्धन गर्न विकास साझेदारबाट आवश्यक स्रोत तथा लगानी अभिवृद्धि हुन सक्ने सम्भावनाको उपयोग गर्न सकिने अवस्था छ। संविधानले स्थानीय तहलाई समेत कृषिसम्बन्धी जिम्मेवारी र अधिकार प्रदान गरेकोले देशमा उपलब्ध विभिन्न किसिमका कृषि पर्यावरणीय क्षेत्रहरू (Agro-ecological regions) को उपयोगको उपयुक्त अवसर सिर्जना गर्न सकिने अवस्था रहेको छ।

क्षेत्रीय एवम् विश्वव्यापी खाद्य प्रणालीहरूमा राष्ट्रिय खाद्य प्रणाली बृहत्तर रूपमा समावेश गरी तुलनात्मक रूपमा उच्च लाभका निर्यातयोग्य कृषि तथा पशुजन्य उत्पादनहरूको निर्यातका अवसरहरू खोजी गर्दै ग्रामीण भेगका कृषकहरूको आम्दानी अभिवृद्धि गर्न सकिने प्रशस्त अवसर रहेको छ। माटोको उर्वरशक्तिको दिगो व्यवस्थापन, स्वस्थ उत्पादन प्रणालीको विकास, कृषि तथा वनजन्य खाद्य उपजको विस्तार, जैविक विविधताको संरक्षण तथा सतह सिँचाइको विस्तार एवम् स्रोत संरक्षणको क्षेत्रमा थप अवसरहरू उपलब्ध छन्।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

भौगोलिक विविधताको कारणले सिर्जित जलवायुको फरकपनाले सन्तुलित पोषणयुक्त खाद्यपदार्थ उत्पादन गर्न मद्दत पुगेको छ। तीनै तहका सरकारले खाद्य प्रणाली रूपान्तरण सम्बन्धी विभिन्न नीति तथा रणनीतिहरू अवलम्बन गर्दै निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण सिर्जना गरी उच्च मूल्यका खाद्यबाली तथा वस्तुहरू उत्पादन तथा प्रवर्धन गर्न सकिने अवस्था रहेको छ।

## ४. सोच

समतामूलक, उत्थानशील र दिगो खाद्य प्रणाली

## ५. लक्ष्य

५.१ सबैका लागि स्वच्छ तथा पोषणयुक्त खाद्य पहुँच सुनिश्चित गर्ने।

५.२ दिगो उपभोग पद्धति अवलम्बन गर्ने।

५.३ प्रकृतिमैत्री उत्पादन प्रणाली अनुसरण गर्ने।

५.४ समन्यायिक जीविकोपार्जनको अवस्थामा बढोत्तरी गर्ने।

५.५ विपद् तथा जोखिम विरुद्ध उत्थानशील खाद्य प्रणाली निर्माण गर्ने।

५.६ खाद्य सुशासन तथा खाद्य प्रणाली रूपान्तरणका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐनको प्रभावकारी कार्यान्वयन गर्ने।

## ६. उद्देश्य

६.१ सबैका लागि दिगो रूपमा सुपथ, सुरक्षित, स्वस्थ र पौष्टिक खाद्य पदार्थको आपूर्ति गर्न कृषि उत्पादनलाई सघन तुल्याउनु।

६.२ स्वस्थ र पौष्टिक स्थानीय खाद्य उपभोग गर्न, खाद्यको क्षति घटाउन र स्तनपान अभ्यासहरूको संरक्षण र प्रवर्धन गर्न सचेतना वृद्धि गर्नु।

६.३ प्रकृतिमैत्री खाद्य प्रणालीको माध्यमबाट कृषि जैविक विविधताको संरक्षण र उपयोगमा एकीकृत ढङ्गले कार्य गर्नु।

६.४ साना तथा व्यावसायिक कृषकहरूको उद्यमशीलता र सीप विकास मार्फत् आम्दानी बढाउनु र जीविकोपार्जनमा सुधार गर्नु।

६.५ उत्थानशील खाद्य प्रणाली तथा सङ्कटको सामना गर्न सक्ने समुदायको विकास गर्न दीर्घकालीन लगानीको प्रवर्धन गर्नु।

६.६ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन अनुरूप रणनीति र कार्यनीतिहरू विकास गरी सङ्घीय संरचनाका तीनै तहमा खाद्य सुशासन सुनिश्चित गर्नु।

## ७. रणनीति र कार्यनीति

उपर्युक्त उद्देश्य हासिल गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ।

७.१ उद्देश्य ६.१ सँग सम्बन्धित रणनीति र कार्यनीति

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| रणनीति | कार्यनीति |
|---|---|
| (क) कृषि तथा खाद्य सम्वद्ध क्षेत्रगत नीतिहरूवीच सामञ्जस्यता कायम गर्ने। | १. विद्यमान क्षेत्रगत नीतिहरूको पुनरावलोकन तथा विश्लेषण गरी सामञ्जस्यता कायम गरिनेछ।<br>२. विभिन्न तहमा हुने बहुपक्षीय पोषण तथा खाद्य सुरक्षाका संरचना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ। |
| (ख) कृषिमैत्री भू-उपयोग प्रणालीको विकास र प्रवर्धन गर्ने। | १. देशमा खाद्य सुरक्षा कायम गर्न कृषि उत्पादनको लागि आवश्यक खेतियोग्य जमिनको यकिन तथा जोनिङ्ग गरी संरक्षण गर्न उपयुक्त कानुनी र नीतिगत व्यवस्था गरिनेछ।<br>२. तीनै तहका सरकारवाट भू-उपयोग योजना तयार एवम् कार्यान्वयन गरिनेछ।<br>३. भू-उपयोग ऐनको प्रभावकारी कार्यान्वयनको आवश्यक व्यवस्था गरिनेछ।<br>४. बाँझो जमिन उपयोग गरी कृषि बाली उत्पादन गर्न तथा वैकल्पिक उपयोग गर्न नीतिगत व्यवस्था र प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>५. खेतियोग्य जमिनको खण्डीकरणलाई नियन्त्रण गर्न आवश्यक कानूनी संरचना र प्रोत्साहनको व्यवस्था गरिनेछ। |
| (ग) कृषि उत्पादन सामग्री तथा पूर्वाधारको विकास सुनिश्चित गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने। | १. उपयुक्त सिँचाइ प्रविधि मार्फत् खेतियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ।<br>२. सिँचाइ तथा जलस्रोत सम्वद्ध नीतिहरू र कृषि विकास रणनीति लगायतका नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ।<br>३. ठूला सिँचाइ प्रणालीहरूमा मूल्य शृङ्खला विकास सहितको सघन कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिने छ। यस्तो कार्यक्रम सञ्चालन गर्न आवश्यकता अनुसार सिँचाइ प्रणालीहरूमा कृषि क्षेत्रको जनशक्तिलाई समेत समावेस गरिनेछ।<br>४. कृषि र सिँचाइबीच सहकार्य र समन्वय अभिवृद्धि गर्न तथा संयुक्त योजना तर्जुमा र कार्यान्वयन सुनिश्चित गर्न उच्च स्तरीय संयन्त्रको व्यवस्था गरिनेछ।<br>५. सिँचाइको लागि खपत हुने विद्युतमा महशुल छुट उपलब्ध गराउने कार्यलाई सहज बनाई विस्तार गरिनेछ।<br>६. मलको सहज आपूर्ति सुनिश्चित गर्न हरित प्रविधिमा आधारित मल कारखाना खोल्न प्राथमिकता दिइनेछ।<br>७. मललाई अत्यावश्यक पदार्थको रूपमा कायम गरी रासायनिक मल खरिद प्रक्रियालाई सरल बनाईनेछ।<br>८. मलखादको सन्तुलित प्रयोग बढाउन सम्मिश्रित (Blended/mixed) मलको |



नेपाल सरकार ... को कार्यालय

| रणनीति | कार्यनीति |
|---|---|
| | उपयोग वढाउने र खाद्य तत्वमा आधारित अनुदान (Nutrient Based Subsidy) प्रणाली कार्यान्वयन गरिनेछ।<br>९ माटोको उर्वराशक्ति तथा समग्र माटोको स्वास्थ्य सुधार गर्न तीनै तहको सरकारको संलग्नतामा राष्ट्रव्यापी अभियान सञ्चालन गरिनेछ।<br>१०. अधिक उत्पादन दिने बिउ बिजनको सहज उपलब्धताको लागि समुदायमा आधारित बिउ प्रणालीलाई संस्थागत एवम् सुदृढीकरण गरिने छ। |
| (घ) कृषिमा उत्पादन र मूल्य अभिवृद्धि तथा उद्यमशीलता वृद्धि गर्न निजी तथा सहकारी क्षेत्रसँग साझेदारी गर्ने। | १. सार्वजनिक, निजी, सहकारी साझेदारीमा कृषि व्यवसाय प्रवर्धनका लागि सहुलियत प्रदान गर्नुका साथै न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>२. व्यावसायिक कृषि तथा पशुपन्छी फार्म र अन्य कृषि उद्यमीहरूलाई व्यवस्थित र प्रतिस्पर्धी रूपमा सञ्चालन तथा प्रवर्धन गर्न (उन्नत प्रविधि, Hybrid जात, नश्लहरू) सहुलियत उपलब्ध गराइनेछ।<br>३. कृषि वस्तुको बजारीकरणमा नवीनतम सूचना प्रविधि र अनलाईन भुक्तानी प्रणालीहरू अबलम्बन गर्दै बजारीकरणलाई सहज र कम खर्चिलो बनाउन निजी क्षेत्रसँग साझेदारी गरिनेछ।<br>४. साना किसान, महिला र सीमान्तकृत समूहका कृषकहरूलाई मूल्य शृङ्खलामा संलग्न गराई उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पहुँच दिन निजी र सहकारी क्षेत्रहरूको क्षमता अभिवृद्धि गरी साझेदारी कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरी गुणस्तरीय उत्पादनका सामग्रीको आपूर्ति र उत्पादित वस्तुहरूको बजार प्रवर्धन गरिनेछ। |
| (ङ) पोषण संवेदनशील कृषि प्रविधिको अनुसन्धान र प्रसार गर्ने। | १. पौष्टिकतत्व स्तरोन्नति गरिएको खाद्यको उत्पादन र विस्तारको लागि पोषण संवेदनशील कृषि प्रविधिको विकास, अनुसन्धान, शिक्षा र प्रसारमा लगानी वृद्धि गरिनेछ।<br>२. सुक्ष्म पोषणतत्वको कमीका कारण हुने समस्याको पहिचान, रोकथाम र नियन्त्रण गर्न आवश्यक अनुसन्धानका कार्यहरू गरिनेछ। |
| (च) पोषणयुक्त स्थानीय रैथाने वाली एवम् वस्तुहरूको संरक्षण, उत्पादन, | १. स्थानीय तहको अगुवाईमा स्थानीय स्तरमा रैथाने जात, नश्लको संरक्षण र उपयोगलाई प्रोत्साहन एवम् प्रवर्धन गरिनेछ।<br>२. वालीका रैथाने जातको राष्ट्रिय बिउ विजन समितिमा दर्ता गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।<br>३. पशु नश्लको दर्ताको लागि आवश्यक पर्ने नीतिगत र कानूनी संरचना बनाई कार्यान्वयन गरिनेछ। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

| रणनीति | कार्यनीति |
|---|---|
| प्रवर्धन र उपयोग गर्ने। | ४. रैथाने जात र नश्लहरूको आनुवंशिक चरित्र चित्रण र सुधार गरी उन्नत जात र नश्लको विकासको लागि अन्तर्राष्ट्रिय अनुसन्धान संस्था र विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ।<br>५. सङ्घीय संरचनाका तीनै तहमा वैज्ञानिक अध्ययनका आधारमा स्थान निर्धारण गरी सामुदायिक बिउ बैङ्क, जिन बैङ्क, सिमेन बैङ्क स्थापना गरी सञ्चालन गरिनेछ।<br>६. खाद्य बैङ्क र खाद्य भण्डारण स्थापना तथा सञ्चालनका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, कृषि सहकारी र कृषक समूहसँग साझेदारी गरी आपूर्ति प्रणाली सुदृढ गरिनेछ। |
| (छ) तथ्यमा आधारित कृषि खाद्य सुरक्षा, र पोषण योजना तर्जुमा प्रक्रिया सबल बनाउने। | १. सङ्घ, प्रदेश र स्थानीय तहमा खाद्य सुरक्षा सूचना केन्द्रहरूको स्थापना तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (Nepal Food Security Monitoring System-NeKSAP) लाई पुनः परिचालन गरी संस्थागत गरिनेछ।<br>२. स्थानीय उत्पादक समूह सहकारीको सञ्जाल स्थापना गरी खाद्यवाली र वस्तुहरूको डिजिटल माध्यम मार्फत् सूचना व्यवस्थापन प्रणाली विस्तार तथा क्षमता अभिवृद्धि गरिनेछ।<br>३. खाद्य तथा पोषण सम्वेदनशील कृषि अभ्यासहरू जस्तै: कृषि प्रसार, मार्केटिङको डिजिटाइजेसन गर्न तीनै तहका सरकार, समुदाय, सहकारी र निजी संस्थाहरूको क्षमता अभिवृद्धि गरिनेछ। |
| (ज) लैङ्गिकमैत्री कृषि औजार तथा प्रविधिको विकास र गुणस्तरीय कृषि सामग्रीको आपूर्ति गर्ने | १. भू-बनोट र सामाजिक परिवेश अनुसार महिला, युवा र कृषकमैत्री यन्त्रको विकास र प्रवर्धन गरिनेछ।<br>२. गुणस्तरीय कृषि औजार प्रविधि अनुसन्धान तथा उत्पादनका निम्ति निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. निजी तथा सहकारी क्षेत्रको सहभागितामा बिक्री केन्द्र र मेशिन भाडामा लिने केन्द्र (Custom Hiring Center) को स्थापना तथा विस्तार गरी कृषकहरूको कृषि औजारमा पहुँच वृद्धि गरिनेछ। |
| (झ) एकीकृत खेती प्रणालीलाई प्रोत्साहन गर्ने। | १. स्थानीयस्तरमा पारिस्थितिकीय प्रणाली र भूपरिधीय (Landscape) क्षेत्र अनुरूप वाली सुहाउँदो नक्शाङ्कन र क्षेत्र निर्धारण (Crop suitability mapping & Zoning) गरी एकीकृत तथा विविधतायुक्त उत्थानशील खेती प्रणाली र प्रविधिको विकास गरिनेछ।<br>२. जलवायु अनुकूलित कृषि एवम् वन र एकीकृत खेतीका असल अभ्यास र प्रविधिहरूलाई कृषक समूह, सहकारी र निजी संस्था तथा कृषि प्रसारको |

| रणनीति | कार्यनीति |
|---|---|
| | सञ्जाल मार्फत् प्रवर्धन गरिनेछ।<br>३. पुनरूत्पादक उत्पादन र एकीकृत खेती प्रणालीको कृषि सूचना, ज्ञान, डाटावेस र सेवालाई सार्वजनिक सञ्चारको साथै समूह, सहकारी तथा निजी क्षेत्रवाट सञ्चालित प्रसार प्रणाली मार्फत् व्यापक प्रचारप्रसार गरिनेछ।<br>४. विविधता र पोषणयुक्त उपजको उपभोग वढाउन सानास्तरका उत्पादकहरूका लागि एकीकृत बागवानी प्रवर्धन कार्यक्रम तर्जुमा गरिनेछ।<br>५. एकीकृत खेती प्रणाली (अन्नबाली, तरकारी, मत्स्य तथा पशुपालन) विस्तारको लागि उपयुक्त उत्पादनको प्याकेज तयार गरिनेछ।<br>६. स्थानीय विउ विजन, नश्ल संरक्षण, प्रवर्धन तथा विउ-बिजनमा पहुँच बढाउन सामुदायिक बिउ बैङ्क, नर्सरी र दाना भण्डारण केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ। |
| (ञ) आवश्यकतामा आधारित अनुसन्धान र प्रसार प्रणालीको क्षमता अभिवृद्धि गर्ने। | १. पोषण संवेदनशील कृषि प्रविधिको विकास एवम् विस्तारको लागि मूल्य शृङ्खलामा संलग्न व्यक्ति एवम् निकायहरूका आवश्यकता सम्बोधन गर्न अनुसन्धान प्रणालीको पुन:संरचना गर्दै नीति र कार्यक्रम तर्जुमा गरिनेछ।<br>२. स्थानीय तह, निजी क्षेत्र र कृषक समुदायसँगको समन्वयमा विकेन्द्रित कृषि अनुसन्धान र प्रसार प्रणालीलाई सबलीकरण गरिनेछ।<br>३. स्थानीय र न्यून उपयोगमा रहेका पौष्टिकतापूर्ण बालीको प्रवर्धनका लागि सरकारी, निजी र सहकारीक्षेत्रको साझेदारीमा प्रशोधन प्रविधिको विकास र विस्तार गरिनेछ। |
| (ट) उत्पादनको गुणस्तर सुनिश्चितता र गुणस्तर प्रमाणीकरण प्रणाली स्थानित गर्ने। | १. प्राङ्गारिक उत्पादन, असल कृषि अभ्यासहरू (Good Agriculture Practices) र असल उत्पादन अभ्यासहरू (Good Manufacturing Practices) को मापदण्ड लागू गरिनेछ।<br>२. असल कृषि अभ्यासहरू र असल उत्पादन अभ्यासहरूको प्रमाणीकरण गर्न आवश्यक प्रयोगशाला एवम् जनशक्तिको व्यवस्था गरिनेछ।<br>३. अनुगमन कार्यक्रमलाई संस्थागत गरी आयातित खाद्य, तरकारी र अन्य कृषि उत्पादनहरूमा रासायनिक द्रुत परीक्षण सेवा विस्तार एवम् सबलीकरण गरिनेछ।<br>४. प्राङ्गारिक, स्वच्छ (Safe) एवम् बिषादी रहित (Pesticide Free) र पोषणयुक्त उत्पादन प्रवर्द्धन गर्न लोगो र ब्रान्ड सहित सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली (Participatory Guarantee System, PGS) लागू गरिनेछ। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| रणनीति | कार्यनीति |
|---|---|
| (ठ) वनमा आधारित खाद्य उत्पादन प्रवर्धन गर्ने। | १. वनमा आधारित खाद्य उत्पादन प्रवर्धन गर्न सामुदायिक वन र कृषि-वन (Agroforestry) नीतिबीच सामाञ्जस्यता कायम गरिनेछ।<br>२. वनमा आधारित खाद्य उत्पादन (फलफूल-कन्दमूल खेती) कृषि-वन र सामुदायिक वनको विकास गर्न कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>३. वनमा आधारित खाद्य उत्पादन प्रवर्धन गर्न वन उपभोक्ता समितिहरूको परिचालन तथा क्षमता विकास गरिनेछ।<br>४. जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो, हैसियत कम भएको वन क्षेत्र र खेर गएका खाली जमिनहरूमा कृषि वन र बायो इन्जिनियरिङ विधिको प्रवर्धन तथा विकास गरिनेछ। |

## ७.२ उद्देश्य ६.२ सँग सम्बन्धित रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (क) प्रशोधित खाद्य पदार्थको बिक्री वितरणलाई नियमन गर्ने। | १. खानेकुरामा भएको पोषणतत्वको प्रोफाइल (Nutrient Profiling Model) र प्रशोधित खाद्य पदार्थ (Industrially Processed Food) को पोषण प्रोफाइल (Nutrient Profiling) तयार गरिनेछ।<br>२. पोषण प्रोफाइलको आधारमा अत्यधिक चिनीजन्य, चिल्लो पदार्थ र नुन (High Fat Sugar and Salt-HFSS) भएका प्रशोधित खाद्य तथा पेय पदार्थहरुको नियमनलाई प्रभावकारी बनाइनेछ।<br>३. पोषण प्रोफाइलको आधारमा प्रशोधित खाद्य पदार्थमा कलर कोडिङ एवम् लेवलिङ गर्न प्रोत्साहन गरिनेछ। |
| (ख) पोषणयुक्त खानेकुराको उपभोगका लागि शिक्षा र सचेतना अभिवृद्धि मार्फत् पोषणयुक्त खाद्यवस्तुको उपयोग सुनिश्चित गर्ने। | १ सन्तुलित, स्वच्छ पोषणयुक्त खाद्य पदार्थको उपयोगको महत्व र प्रशोधित खाद्यवस्तुको प्रयोगबाट स्वास्थ्यमा पर्ने असर तथा सामाजिक व्यवहार परिवर्तन, लुप्त भोक, न्यून पोषण र अधिक पोषणका समस्या समाधानको लागि पोषण शिक्षा, सचेतना, प्रदर्शनी एवम् प्रचारप्रसार सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२. पाक शिक्षा र कला, पाककला सीप हस्तान्तरण, परम्परागत पाककलाको अभिलेखीकरण, खाद्य आनीबानी परिवर्तन सम्बन्धमा विद्यालय, सहकारी, सार्वजनिक र अन्य संस्थाहरूमा औपचारिक शिक्षा र आधुनिक सूचना (Digital) प्रविधिको माध्यमबाट सचेतना वृद्धि र अभिमुखीकरण गरिनेछ।<br>३. विशेष आहार आवश्यक पर्ने वर्गहरूलाई (जस्तैः गर्भवती, आमा, बालबालिका, जेष्ठ नागरिक) लक्षित गरेर पोषण सुधार कार्यक्रमहरू सञ्चालन गरिनेछ। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

| रणनीति | कार्यनीति |
|---|---|
| (ग) प्रशोधित तथा अन्य खाद्य पदार्थहरूको विज्ञापन तथा बजारीकरण प्रक्रिया लाई नियमन गर्ने। | १. खाद्य पदार्थको विज्ञापन नियमन सम्बन्धी कानुनी संरचना, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागू गरिनेछ।<br>२. खाद्य पदार्थको बजारीकरण प्रक्रिया र उपभोगका लागि कमसल तथा वातावरणमा नकारात्मक असर पर्ने प्याकेजिङ्गलाई निरुत्साहित गर्नुका साथै भ्रामक विज्ञापन न्यूनीकरणको लागि प्रभावकारी नियमनको व्यवस्था मिलाइनेछ।<br>३. खाद्य स्वच्छतालाई प्रभावकारी बनाउन स्थानीय तहमा खाद्य निरीक्षण प्रणालीको विकास गर्न प्रोत्साहन एवम् सहयोग गरिनेछ। |
| (घ) खाद्यमा आधारित आहार निर्देशिकाहरू (Food Based Dietary Guidelines) निर्माण गर्ने। | १. विभिन्न उमेर समूहका लागि खाद्य-आधारित आहार निर्देशिकाहरू (Food Based Dietary Guidelines-FBDG) लाई अद्यावधिक गरिनेछ।<br>२. नेपालको आवश्यकता अनुसार Recommended Dietary Allowance (RDA) तर्जुमा गरिनेछ।<br>३. सम्वेदनशील खाद्य पदार्थहरू उत्पादन गर्ने उद्योगहरूलाई प्रमाणीकरण अभ्यासहरू (GHP/GMP/HACCP/ISO etc) अवलम्बन गर्न प्रोत्साहन गरिनेछ।<br>४. खानाको मात्रा (Serving size) को आधारमा विभिन्न उमेर समूहका लागि खाना पिरामिड वा खाना प्लेट (Food pyramid or food plate) तयार गरिनेछ। |
| (ङ) पोषण सुनिश्चितताको लागि स्तनपान तथा मातृ, शिशु र बाल पोषण (Maternal, Infant and Young Child Nutrition - MIYCN) मैत्री कानूनी संरचना, भौतिक वातावरण र सुविधा विकास एवम् विस्तार गर्ने। | १. मातृ, शिशु र बाल पोषण (Maternal, infant and young child nutrition - MIYCN) को राष्ट्रिय रणनीति तथा राष्ट्रिय निर्देशिका अद्यावधिक गरिनेछ।<br>२. आमाको दुधको विकल्पमा प्रयोग हुने प्रशोधित दुध (Breast Milk Substitution) सम्बन्धी आवश्यक कानुनी संरचना तयार गरिनेछ।<br>३. विद्यालयको आधारभूत तहदेखि नै मातृ, शिशु र बालपोषण शिक्षा समावेश गरिनेछ ।<br>४. कार्यस्थल र सार्वजनिक स्थानहरूलाई स्तनपानमैत्री बनाउन मापदण्ड बनाई स्तनपान कक्ष स्थापना गर्ने कार्यलाई विस्तार गरिनेछ। |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| रणनीति | कार्यनीति |
| --- | --- |
| (च) पोषणयुक्त रैथाने र स्थानीय खाद्यवस्तुहरूको उत्पादन तथा उपयोगलाई प्रवर्धन गर्ने। | १. पोषणयुक्त रैथाने बाली एवम् वस्तु र जङ्गल तथा पशुपन्छीबाट प्राप्त पोपिलो खाद्य पदार्थहरूको उत्पादन र प्रवर्धन गरिनेछ।<br>२. खाजाघर, होटेल, रेस्टुरेन्ट आदिको मेनुमा रैथाने खाद्य परिकार समावेश गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>३. विद्यालय दिवाखाजामा पोषणयुक्त रैथाने बालीका उपजमा आधारित परिकार प्रवर्धन गर्नको लागि नीतिगत व्यवस्था गरिनेछ।<br>४. बाँझो जग्गा उपयोग गरी रैथाने बाली र वस्तुको खेती गर्न अनुदान तथा सुविधा उपलब्ध गराइनेछ।<br>५. निजी, सहकारी र सामुदायिक सङ्घ संस्था मार्फत् स्थानीय कृषकले उत्पादन गरेको स्थानीय एवम् रैथाने कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने व्यवस्था गरिनेछ।<br>६. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मार्फत् कृषकहरूबाट रैथाने बालीका उत्पादनहरू खरिद गर्ने व्यवस्था गरिनेछ।<br>७. सरकारी एवम् सार्वजनिक कार्यक्रमहरूमा खाना र खाजाको रूपमा स्थानीय स्तरमा उपलब्ध रैथाने बालीका उत्पादनमा आधारित परिकार प्रयोग गर्न नीतिगत व्यवस्था गरिनेछ।<br>८. सरकारी निकायहरुबाट सञ्चालित मेसहरूमा रैथाने बालीका उपजमा आधारित परिकार प्रयोग गर्ने व्यवस्थ गरिनेछ। इनर्जी विस्कुट उत्पादनमा रैथाने बालीका उपज कच्चा पदार्थको रूपमा प्रयोग गरिनेछ।<br>९. स्थानीय पाठ्यक्रममा रैथाने बाली सम्बन्धी विषयलाई समावेश गर्ने नीति लागु गरिनेछ। |
| (छ) खाद्य सुरक्षा र पोषण सुनिश्चितताका लागि खाद्यमा पौष्टिकतत्व स्तरोन्नतिकरण (Food Fortification) लाई प्रभावकारी कार्यान्वयन गर्ने। | १. खाद्यवस्तु स्तरोन्नतिकरण (Food Fortification) का मापदण्डहरू विकास गरी कार्यान्वयन गरिनेछ।<br>२. खाद्यवस्तु स्तरोन्नतिकरणका लागि खाद्य उद्योगीलाई प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| रणनीति | कार्यनीति |
|---|---|
| (ज) कृषि उपजको उत्पादन र उत्पादन पश्चात् खाद्यमा हुने क्षति (Post-harvest Loss) र खेर फाल्ने (Waste) प्रवृत्तिलाई न्यूनीकरण गर्ने। | १. खाद्य पदार्थ नोक्सानी तथा खेर जाने परिमाण कम गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. खाद्य आपूर्ति शृङ्खलाको विभिन्न चरणमा हुने हानि नोक्सानीको विश्लेषण गरी क्षति र खेर फाल्ने प्रवृत्ति न्यूनीकरणको लागि उपयुक्त उपाय अवलम्वन गरिनेछ।<br>३ स्थानीय खेर जाने कृषि उत्पादनलाई पुनरूत्पादन गरी पुन: प्रयोग र उपयोगमा ल्याउन प्रविधि र प्रोत्साहनका कार्यक्रम लागू गरिनेछ।<br>४. उत्पादन पश्चात् हुने क्षति कम गर्न उपयुक्त भण्डारण संरचना, प्रविधि एवम् पूर्वाधार विकास गरिनेछ। |
| (झ) खाद्य पदार्थहरूमा एन्टिबायोटिक, अखाद्य रङ्गहरू, परिरक्षकहरू र रासायनिक तथा कीटनाशकहरू को अवशेषलाई कम गर्ने। | १. खाद्यमा एन्टिबायोटिक, रासायनिक तथा कीटनाशक विषादीहरूको अवशेषलाई न्यूनीकरण गर्न विद्यमान कानूनको परिमार्जन गर्दै आवश्यकतानुसारका कानुन र मापदण्ड तर्जुमा गरिनेछ।<br>२. खाद्यमा एन्टिबायोटिक, रासायनिक तथा कीटनाशक विषादीहरूको अवशेषहरूको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान तथा विश्लेषणका लागि प्रयोगशाला तथा जन्शक्तिको क्षमता अभिवृद्धि गरिनेछ।<br>३. खाद्य पदार्थहरूमा एन्टिमाइक्रोबियल प्रतिरोध (Anti-microbial Resistance) नेगरानी (Surveillance) सम्वन्धी कार्यहरू सुदृढ गरिनेछ। |
| (ञ) निजी क्षेत्रसँगको साझेदारीमा स्थानीय बाली एवम् वस्तुहरूको मूल्य शृङ्खला विकास गर्ने। | १. तुलनात्मक लाभ र सम्भाव्यताको आधारमा स्थानीय बाली एवम् वस्तु र नश्लको उत्पादन, प्रशोधन र बजारीकरण गर्दै समूह, सहकारी र निजी क्षेत्रसँग साझेदारी गरी हरित प्रविधि एवम् पुनरुत्पादक कृषि अभ्यासहरूको प्रवर्धन गरिनेछ।<br>२. निजी क्षेत्रको साझेदारीमा शहरी कृषि (कौसी खेती, टनेल खेती, घर बगैंचा आदि) को विस्तार गरी घरायसी फोहोरको समुचित उपयोगबाट पोषणयुक्त बाली, वस्तुको मूल्य शृङ्खला विकास गरिनेछ।<br>३ सहकारी मार्फत् One Stop Shop को अवधारणामा हरित प्रविधि एवम् पुनरूत्पादक कृषि अभ्यासहरू प्रवर्धन गरिनेछ ।<br>४. हरित कृषि प्रविधि उपयोग मार्फत् कृषि उपजको हरित प्याकेजिंग र लेवलिङ गरी बजारीकरण गरिनेछ। |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## ७.३ उद्देश्य ६.३ सँग सम्बन्धित रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (क) जलवायु उत्थानशील कृषि र खाद्य प्रणालीको विकास र अवलम्बन गर्ने। | १. जलवायु अनुकूलित कृषि आनुवांसिक स्रोतको पहिचान, विकास र प्रवर्धन गरिनेछ। <br>२. आकाशे पानी सङ्कलन, थोपा सिँचाइ र पुनःभरण, पोखरी एवम् पानीका मुहानहरूको संरक्षण जस्ता कृषिमा पानीको बहुउपयोग प्रणालीलाई प्रवर्धन र संरक्षण गरिनेछ। <br>३. बालीका जलवायु अनुकूलित जात एवम् प्रविधि विकास कार्यलाई उच्च प्राथमिकता दिइने छ। <br>४. जलवायु तथा महिलामैत्री कृषि प्रविधि तथा असल कृषिका अभ्यासलाई अवलम्बन तथा प्रचार प्रसार गरिनेछ। <br>५. स्थानीय अनुकूलन कार्ययोजना तयार गरी स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा मूलप्रवाहीकरण गरिनेछ। <br>६. खाद्य-पानी-ऊर्जा-जैविक विविधता-स्वास्थ्य सम्बन्ध (Nexus) लाई अनुसन्धानका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रममा समावेश गरिनेछ। |
| (ख) एकीकृत दिगो भूमि व्यवस्थापन गर्ने। | १. भूमि बैङ्कको स्थापना तथा सञ्चालनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ। <br>२. प्रयोगमा नभएका कृषि भूमिको उपयोग तथा कृषि भूमिको चक्लाबन्दी र सामूहिक खेतीलाई प्रोत्साहन गरिनेछ। <br>३ भू-उपयोग नीति र कानुनको कार्यान्वयनका लागि स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराईनेछ। <br>४. कृषि भूमिको प्रयोगमा आकर्षण बढाउन कृषक प्रोत्साहन एवम् सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ। |
| (ग) स्थानीय खाद्य प्रणालीको पुनरुत्थान गर्ने। | १. पर्यावरणीय कृषि ( Agroecology) को अवलम्बन मार्फत् दिगो र उत्थानशील स्थानीय खाद्य प्रणालीको विकास गरिनेछ। <br>२. पर्यावरणीय कृषि र प्राङ्गारिक खेतीलाई ग्रामीण होमस्टेसँग जोडेर कृषकहरूको आय आर्जन वृद्धि गर्नुको साथै रैथाने खाद्य प्रणाली, खाद्य संस्कृति र स्थानीय पर्यावरणको संरक्षण गरिनेछ। <br>३. कृषक समूह, सहकारी र निजी संस्थाहरूमार्फत् पर्यावरणीय एवम् प्राङ्गारिक कृषिमा आधारित एकीकृत घर बगैंचा र नमुना फार्म कार्यक्रम प्रवर्धन गरिनेछ। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. स्थानीय उत्पादन वृद्धि तथा बजारीकरण प्रवर्धनका लागि सुपथ मूल्य पसल विस्तार गरिनेछ। |
| (घ) माटोको गुणस्तर कायम गर्ने। | १. माटोको गुणस्तर सुधार गर्न जैविक पदार्थ मापनको कार्यविधि विकास गरी गुणस्तर परीक्षण गर्ने कार्यक्रमलाई सघन बनाईनेछ।<br>२. कृषकहरूका लागि जैविक मल तयारी सीप, कृषि प्रणालीमा छापो (Mulching) र संरक्षण कृषि प्रविधि, बालीचक्र र घुम्ते कोशेबाली खेती प्रविधिका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. माटोको उर्वराशक्ति तथा क्षति व्यवस्थापन, भू-संरक्षण र वायो इन्जिनियरीङ कार्यक्रम सञ्चालन गरिनेछ। |
| (ङ) कृषि जैविक विविधताको संरक्षण र दिगो प्रयोग गर्ने। | १. कृषि जैविक विविधताको संरक्षण र दिगो प्रयोग गर्नका लागि अनुसन्धान र विकासमा लगानी गरिनेछ।<br>२ लोपोन्मुख कृषि जैविक विविधताको खतराको सूची (red listing) र क्षेत्र पहिचान (Red zoning) गरी तदनुरूप संरक्षण कार्य अघि बढाइनेछ।<br>३. ठूला विकास निर्माण तथा भू-उपयोग परिवर्तन गर्दा कृषि जैविक विविधतामा पर्ने असरको लेखाजोखा गरी (Agro-Biodiverty Impact Assesment) असर न्पर्ने सुनिश्चित गरिनेछ।<br>४. स्थान विशेष रैथाने कृषि आनुवंशिक स्रोतको अनुसन्धान र विकासको लागि सरकारी र निजी क्षेत्रको सहभागितामा योजना तयार गरिनेछ।<br>५. कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोग सुनिश्चित गर्न सामुदायिक बिउ बैङ्कको स्थापना एवम् क्षमता विकास गरिनेछ।<br>६. विशिष्ट बाली, वस्तु, नश्ल र उपेक्षित एवम् कम प्रयोग गरिएका रैथाने बालीको अनुसन्धान, पहिचान र विकास गरी अभिलेखीकरण गरिनेछ।<br>७. रैथाने बाली वस्तु तथा परम्परागत खाद्य परिकारहरू, स्थानीय ज्ञान र असल अभ्यासहरूको दस्तावेज तयार गरी प्रकाशन तथा प्रचारप्रसार गरिनेछ। |
| (च) कृषि सूचनाको प्रभावकारी प्रसार गर्ने। | १. एकीकृत सेवा प्रणालीको विकास गरी कृषि सूचना, ज्ञान, डाटावेस र सेवाको सूचना प्रचारप्रसार गरिनेछ।<br>२ विभिन्न सञ्चार माध्यमहरूबाट रैथाने ज्ञान, असल अभ्यास र कृषि प्रविधि, खाद्य परिकार एवम् सांस्कृतिक महत्वका विषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| रणनीति | कार्यनीति |
|---|---|
| (छ) हरित, जलवायुमैत्री उत्थानशील र पुनरुत्पादक प्रविधिहरू प्रवर्धन गर्ने। | १. सौर्य ऊर्जा प्रणालीमा आधारित सिँचाइको अनुसन्धान, प्रविधिको विकास र प्रवर्धन गरिनेछ।<br>२. घरायसी तथा खेतबारीबाट उत्पादन हुने फोहोरबाट जैविक मल, हरियो मल आदिको विकास गरी पुनरुत्पादक उत्पादन प्रणालीको प्रवर्धन गरिनेछ।<br>३. जैविक विविधतामा आधारित हरित र जलवायु अनुकूलित दिगो कृषि प्रणालीको अन्वेषण गर्न लगानी वृद्धि गरी उपयुक्त प्रविधि र अभ्यासहरूको विकास मार्फत् पारिस्थितिकीय प्रणालीमा सुधार गरिनेछ। |

७.४ उद्देश्य ६.४ सँग सम्बन्धित रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (क) कृषकको पहिचान र वर्गीकरण गर्ने | १. कृषक पहिचान तथा वर्गीकरणको आधारमा परिचय पत्र जारी गरी सेवा सहायता वितरण र नियमन गरिनेछ।<br>२. स्थानीय तहमा कृषक पहिचान, वर्गीकरण तथा खाद्य व्यवस्थापन र विपद्का सूचक सम्बन्धी तथ्यांक सङ्कलन, विश्लेषण तथा व्यवस्थापनका लागि एकीकृत प्रणाली निर्माण गरिनेछ।<br>३. कृषकहरूलाई राष्ट्रिय सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरि किसान पेन्सन कार्यक्रमको विस्तार गरिनेछ। |
| (ख महिला, साना किसान र निम्न वर्गहरूका लागि समावेशी अधिकार सुनिश्चित गर्ने। | १. सरकारी तथा निजी कृषियोग्य बाँझो जमिनको उपयोगको लागि समूह एवम् सहकारी खेती तथा असल अभ्यासको प्रवर्धन गरिनेछ।<br>२. बाँझो जमिनको सदुपयोग गरी भूमिहीनको भूमि माथिको पहुँच बढाउन करार खेती अवधारणाको कार्यान्वयन गरिनेछ र अन्य बाँझो जमिनको वैकल्पिक उपयोगको व्यवस्था मिलाइनेछ। |
| (ग) रोजगारी र लक्षित कार्यक्रमहरूमा समान पहुँचको व्यवस्था गर्ने। | १. कृषि अन्तर्गतका रोजगारी र लक्षित कार्यक्रमहरूमा समान पहुँचको लागि नीति, निर्देशिका र प्रक्रियाहरूको स्थानीयकरण गरिनेछ।<br>२. कृषि क्षेत्रबाट पलायन रोक्न उपयुक्त नीति तथा कार्यक्रम लागु गरिनेछ।<br>३ कृषिमा रोजगारी सिर्जनाको लागि गुणस्तरीय उत्पादन र प्रशोधनलाई प्रोत्साहन दिइनेछ।<br>४ कृषि मजदुरहरूको श्रमको सम्मान र उचित मूल्यको प्रत्याभूति गर्ने संरचनाहरू (जस्तै: Custom Hiring Center, Labor Cooperatives etc.) निर्माण गरिनेछ।<br>५ उद्यमशील र रोजगारमुखी कृषि व्यवसाय प्रवर्धनका स्थान विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| रणनीति | कार्यनीति |
|---|---|
| (ग) कृषि क्षेत्रको रोजगारीको औपचारिकीकरण गर्ने। | १. महिला, पिछडिएका र विपन्न किसानहरूको कृषिसँग सम्बन्धित सेवा सुविधा तथा सहायताहरूमा पहुँच र निर्णय प्रक्रियामा सहभागिता बढाउन सामाजिक तथा आर्थिक सबलीकरण गरिनेछ।<br>२. कृषक उद्यमीहरूलाई विशेष सहुलियतको व्यवस्था गरिनेछ।<br>३. कृषि प्रविधिमा महिलामैत्री औजार तथा यान्त्रिकीकरण प्रवर्धन गर्न आवश्यक अनुसन्धान, विकास तथा सहायता कार्यक्रमहरू बनाई लागू गरिनेछ। |
| (ङ) उपभोक्ता र बजारको आवश्यकता, प्राथमिकता र मागमा आधारित अनुसन्धान गर्ने | १. कृषि उपजको उत्पादन प्रशोधन, विविधीकरण र बजारीकरण सम्बन्धमा उपभोक्ता र बजारको माग तथा आवश्यकताका आधारमा तथ्यगत अध्ययन अनुसन्धान गरिनेछ।<br>२. स्थानीय उत्पादनमा आधारित प्रशोधनको प्रवर्धन गर्न पकेट क्षेत्रहरूको खोज गरी साना उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ।<br>३ स्थानीय उत्पादनमा आधारित खाद्य प्रशोधन, नौला परिकार र खाद्य उपजहरूको अनुसन्धान तथा विकास गर्न निजी क्षेत्र तथा अनुसन्धानमूलक संस्थाहरूसँग साझेदारी गरिनेछ।<br>४. कृषि बजार तथा उपभोक्ताहरूको उपभोग प्रवृत्ति तथा मागको प्रक्षेपण गरी कृषकहरूलाई सुसूचित गर्ने व्यवस्था गरिनेछ। |
| (च) लक्षित कार्यक्रमहरूको सघन अनुगमन र मूल्याङ्कन गर्ने। | १. कृषि तथा कृषक लक्षित कार्यक्रमहरूको संयुक्त अनुगमन र मूल्याङ्कन गर्न बहुसरोकारवालाहरूको अनुगमन मूल्यांकन संयन्त्र तयार गरी परिचालन गरिनेछ।<br>२. कृषि क्षेत्रका अनुदान र सहयोगहरूलाई एकीकृत प्रणाली मार्फत् पारदर्शिता वृद्धि गरी सबैको पहुँच र अनुगमन हुने व्यवस्था गरिनेछ।<br>३ सबै प्रकारका सहयोगहरूको अनिवार्य रूपमा सार्वजनिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गरिनेछ। |
| (छ) उच्च मूल्यको औद्योगिक बालीको प्रशोधन र औद्योगिकीकरणलाई प्रवर्धन र प्रोत्साहन गर्ने। | १. कृषि उपजको प्रशोधन मार्फत् मूल्य अभिवृद्धि एवम् रोजगार सिर्जना गर्नको लागि कृषि आर्थिक क्षेत्रको स्थापना गरिनेछ।<br>२. तुलनात्मक लाभको आधारमा उच्च मूल्यको बाली र पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र प्रशोधन गर्ने उद्योगहरूलाई प्रवर्धन गर्न निजी, सहकारी र सङ्घ संस्थाहरूसँग सहकार्य गरिनेछ।<br>३. स्थानीय कृषि उत्पादनको विविधीकरण गरि उत्पादन वृद्धि गर्न र लघु उद्यम विकास तथा प्रवर्धन गर्न निजी क्षेत्रलाई परिचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| (ज) ग्रामीण खाद्य प्रणालीको रूपान्तरणमा उत्पादक, विक्रेता र उपभोक्ताको सहभागिता वृद्धि गर्ने। | १. करार खेती मार्फत् रैथाने तथा स्थानीय उत्पादन अभिवृद्धि गरी बजारीकरणलाई प्रवर्धन गर्ने निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>२. उन्नत प्रविध्हिरू (जस्तै: उत्पादकत्व बढी हुने बिउ बेर्ना, नश्ल, भुरा) भण्डारण तथा बजारीकरणका बारेमा अभिमुखीकरण र तालीम प्रदान गरिनेछ।<br>३. ग्रामीण खाद्य प्रणालीको रूपान्तरणको लागि उत्पादक, बिक्रेताहरू, बजार र उपभोक्ताहरूलाई मूल्य शृङ्खलामा सक्रिय सहभागी गराउन उत्पादन सामग्री र बजारीकरण प्राविधिक सेवा प्रदान गरिनेछ।<br>४. साना र लघु उद्यमीहरूलाई कृषि मूल्य शृङ्खलामा प्रभावकारी रूपमा संलग्न गराउन शुरुवाती कोष (Startup Fund) को व्यवस्था गरिनेछ। |
| (झ) साना तथा मझौला उद्यमको क्षमता र सीप अभिवृद्धि मार्फत् उद्यमशीलता अभिवृद्धि गर्ने। | १. स्थानीय तहमा बेरोजगारको सूचीकरण गरी न्यूनतम रोजगारीको प्रत्याभूति दिने कार्यक्रम सञ्चालन गर्न जोड दिईनेछ।<br>२. स्थानीय बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिलाई आफ्नो क्षमता र सीपका आधारमा स्थानीय उत्पादनका घरेलु, साना तथा मध्यम व्यवसाय खोल्न सहुलियत र प्राविधिक सहयोग प्रदान गरिनेछ।<br>३. ग्रामीण क्षेत्रमा कृषि उद्यमी विकास गर्न स्थानीय तह र निजी संस्था तथा स्थानीय तहका संयन्त्रहरूमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण गरिनेछ।<br>४. स्थानीय तहमा महिला, विपन्न र गरिब कृषक लक्षित घरेलु, साना तथा मझौला उद्यम र वित्तीय साक्षरता सम्बन्धी क्षमता र सिप प्रदान गर्नुका साथै सार्वजनिक-निजी साझेदारीमा Business Incubation Center स्थापना गरिनेछ।<br>५. किसानहरूको स्वास्थ्य र सुरक्षा सुनिश्चितताका लागि स्वास्थ्य परीक्षण, सचेतना अभियान र सुरक्षा किटको प्रयोग बढाइनेछ। |
| (ञ) घरेलु तथा निर्यातजन्य उद्योगलाई नाफामूलक र प्रतिस्पर्धी बनाउने। | १ स्थान विशेष र परम्परागत खाद्य उत्पादनहरूको उत्पादन क्षेत्र वा उत्पादन प्रविधिको विशिष्टता पहिचान हुने गरी खाद्य प्रमाणीकरण गर्ने र विशिष्ट चिन्हहरू (Label) प्रदान गर्ने व्यवस्था गरिनेछ।<br>२. स्थानीयस्तरमा उद्यमशीलता विकास केन्द्रहरू मार्फत युवाहरूलाई परामर्श र सीप प्रदान गर्ने व्यवस्था गरिनेछ।<br>३ स्थानीयस्तरमा निर्यात सम्भावना भएका तुलनात्मक एवम् विशिष्ट लाभ दिने उत्पादनहरूको पहिचान गरी व्यावसायिक उत्पादन गर्न चाहने युवा वर्ग, सहकारी निजी क्षेत्रलाई सुविधा तथा सहुलियत प्रदान गरिनेछ।<br>४. साना युवा किसानहरूको उत्पादनलाई एकीकृत गरी सामूहिक मानकीकरण (Standardization) र लेबलिङ गर्ने प्रयोजनको लागि प्याकिङ गृह सञ्चालन गर्न कृषि सहकारी वा समूहहरूलाई प्रोत्साहन गरिनेछ। |

७.५ उद्देश्य ६.५ सँग सम्बन्धित रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (क) जोखिम र प्रभावित समुदायको नक्शाङ्कन तथा अनुगमन मूल्याङ्कन प्रणाली संस्थागत गर्ने। | १. प्रकोप र विभिन्न समस्याका कारणले खाद्य जोखिममा रहेका घरधुरी पहिचान गरी समुदायको नक्शाङ्कन तथा विश्लेषण गरिनेछ।<br>२. उत्पादन तथा खाद्य सुरक्षामा जलवायु परिवर्तनबाट उच्च जोखिममा रहेका भौगोलिक क्षेत्र तथा समुदायको नक्शाङ्कन तथा विश्लेषण गरी जोखिममा परेका समुदायलाई जोखिम कार्डको व्यवस्थाका साथै लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. तीनै तहका सरकारबाट योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको खाकामा जोखिम उत्थानशील खाद्य प्रणाली र सो सम्बन्धी कार्यक्रम समावेश गरिनेछ।<br>४. खाद्य असुरक्षित क्षेत्रहरूमा खाद्यको आपूर्ति र वितरण प्रणाली सुदृढ गरिनेछ।<br>५. खाद्य असुरक्षित, गरिब, सीमान्तकृत तथा जलवायु परिवर्तनको उच्च जोखिममा रहेका वर्गहरूलाई लक्षित गरी रोजगार प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| (ख) कृषि जलवायु सेवा र सल्लाहको प्रभावकारी कार्यान्वयन गर्ने। | १. मौसमी सूचना तथा पूर्व चेतावनीसहित कृषिमैत्री सल्लाह र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. प्रदेशस्तरमा जलवायु सूचना सङ्कलन विश्लेषण तथा वितरण प्रयोजनको लागि प्रादेशिक जलवायु सूचना प्रणाली स्थापना र सञ्चालन गरिनेछ।<br>३. कृषि मौसम सूचना केन्द्र स्थापना र स्तरोन्नति गरिनेछ।<br>४. जलवायु परिवर्तनसँग अनुकूलन हुने गरी उत्थानशील खाद्य प्रणालीको विकास गर्न जलवायु अनुकूलित गाउँ (Climate Smart Village) तथा जलवायु अनुकूलित खेती (Climate Smart Farming) को प्रवर्धन गरिनेछ।<br>५. मौसम पूर्वानुमान सम्बन्धी सूचनाहरू समयमा नै सार्वजनिक सञ्चार माध्यम र आधुनिक सूचना प्रविधि मार्फत् सम्प्रेषण गरी विपद् जोखिम न्यूनीकरण गरिनेछ। |
| (ग) उत्पादन स्रोत व्यवस्थापन र वजार प्रणालीमा समावेशी शासन प्रवर्धन गर्ने। | १. जोखिममा परेका कृषक समूहलाई लक्षित गरी उत्पादन, प्रशोधन, वजारीकरण र व्यावसायीकरणको विषयमा सचेतना र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. महिला, आदिवासी जनजाति, दलित, गरिब र जोखिममा परेका समुदायका लागि लक्षित कार्यक्रमहरू (जस्तै: कबुलियती खेती, सामुदायिक खेती, कबुलियती वन) सञ्चालन गरिनेछ।<br>३. आदिवासी जनजाति, दलित, गरिब र जोखिममा परेका समुदायका युवाहरूलाई |

| रणनीति | कार्यनीति |
|---|---|
| | नयाँ र विशिष्ट कृषि प्रविधि सम्बन्धी तालिम प्रदान गरिनेछ।<br>४. दलित, गरिब र जोखिममा परेका समुदायको उत्थानशीलता विकासका लागि उत्पादन स्रोत व्यवस्थापन र बजारीकरणमा लगानी वृद्धि गरिनेछ। |
| घ) विपद् तथ जलवायु उत्थानशील प्रविधिको अनुसन्धान र विकास गर्ने। | १ कृषि भूमिको पर्यावरणमैत्री भू-धरातलीय (Landscape) व्यवस्थापन प्रवर्द्धन गरी कृषि प्रणाली (जस्तैः प्राङ्गारिक बाली, सिमसार क्षेत्र र एकीकृत उप-जलाधार क्षेत्रको संरक्षण तथा उपयोग) विकास गरिनेछ।<br>२. स्थानीय तहमा बाली सुहाउँदो नक्शाङ्कन र क्षेत्र निर्धारण (Crop Suitability Mapping and Zoning) गरी उत्थानशील प्रविधिको अनुसन्धान र विकास गरिनेछ।<br>३. समुदायमा आधारित उत्थानशील परम्परागत तथा नवीन कृषि प्रविधिको पहिचान, परीक्षण र प्रवर्धन, समुदायको जलवायु उत्थानशीलता (Climate Resilient) सुधार गरिनेछ।<br>४. खाद्य प्रणालीका विभिन्न चरणहरूमा उपयुक्त नवीकरणीय ऊर्जा प्रविधिको प्रयोग गरी उत्थानशील बनाइनेछ।<br>५. जलवायु अनुकूलन, मौसम संवेदनशील बालीको विकास तथा कृषि क्षेत्रमा मौसम पूर्वानुमान सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ। |
| (ङ) उत्थानशीलता अभिवृद्धिका लागि आपूर्ति शृङ्खला तथा बहु-क्षेत्रीय संलग्नतालाई सुदृढीकरण गर्ने। | १. उत्पादन सामग्री तथा उत्पादित वस्तुहरूको आपूर्ति प्रणालीको उत्थानशील व्यवस्थापनको लागि योजना तयार गरी लागू गरिनेछ।<br>२ विपद्को समयमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको संलग्नतालाई क्रियाशील बनाई खाद्य प्रणाली प्रभावकारी बनाइनेछ।<br>३. सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको सहकार्यमा आपतकालीन भण्डारण, कृषि एम्बुलेन्स तथा घुम्ती कृषि सेवा प्रवाह गरी आपूर्ति शृङ्खलालाई सवलीकरण गरिनेछ।<br>४. सामुदायिक तथा कृषि सहकारीमा आधारित आपूर्ति प्रणाली (जस्तैः खाद्य बैङ्क, बिउ बैङ्क, सुपथ मूल्य पसल) को प्रवर्धन गरिनेछ।<br>५. आपूर्ति शृङ्खलालाई प्रविधिमैत्री र दिगो बनाउनको लागि विद्युतीय बजार (E-commerce) प्रवर्धन गरी खेतदेखि बजारसम्मका सञ्जालहरू विस्तार तथा सुदृढीकरण गरिनेछ। |
| (च) विपद् व्यवस्थापनका विद्यमान | १. तीन तहका सरकारबीच खाद्य प्रणालीको जोखिम र विपद् व्यवस्थापनमा सहकार्यका लागि पोषण तथा खाद्य सुरक्षा संयन्त्रको प्रभावकारिता बढाइनेछ।<br>२. सङ्घ, प्रदेश र स्थानीय तहमा बहुक्षेत्रीय संवाद मञ्च गठन गरी जोखिम |

| रणनीति | कार्यनीति |
|---|---|
| समन्वय संयन्त्रहरूलाई प्रभावकारी बनाउने। | न्यूनीकरण गर्न प्रभावकारी रूपमा परिचालन गरिनेछ।<br>३. राष्ट्रिय नीति र जोखिम न्यूनीकरण ढाँचाको सम्वन्धमा स्थानीय तहलाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि प्रोत्साहन गरिनेछ। |
| (छ) पूर्वतयारी, पूर्वकार्य, प्रतिकार्य र पुनर्लाभ (Recovery) स्थापना तथा सुदृढीकरण र विमाको विस्तार गर्ने। | १ स्थानीय तहमा पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ योजना निर्माण गर्न क्षमता विकास गरिनेछ।<br>२ तीनै तहका सरकारद्वारा मौसम पूर्वानुमान सम्बन्धी सूचनाको आधारमा बाढीका उच्च जोखिममा रहेका क्षेत्रमा बाढी पूर्वकार्य (Anticipatory Action) को मापदण्ड (Standard Operating Procedures- SOP) तयार गरी कार्यान्वयन गरिनेछ।<br>३ तीनै तहका सरकारहरूद्वारा आपतकालीन प्रतिकार्यका लागि तालिम प्राप्त मानव संशाधनको विकास गरिनेछ।<br>४. वाली तथा पशु विमाको विस्तार र स्थानीयकरणका लागि विमा योजना तथा प्रविधि प्रवर्धन गरी जोखिम व्यस्थापन गरिनेछ।<br>५. वाली तथा पशुधन बिमालाई विस्तार गरिनेछ।<br>६. खाद्य तथा पोषण सुरक्षाको लागि पुनर्लाभका कार्यक्रम (जस्तै: खाद्य र नगद सहायता कार्यक्रम, मौसम अनुकूलको खेती, छोटो अवधिको खेती) सञ्चालन गरिनेछ।<br>७. स्थानीय तहद्वारा स्थानीय सरोकारवालाहरू, प्रदेश र सङ्घीय सरकारसँगको समन्वयमा प्रभावित परिवारको लागि वसोवास लगायतका कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| (ज) कुपोषण रोकथाम, पोषण तथा उपचारको व्यवस्था गर्ने। | १. जोखिममा रहेका महिला, ज्येष्ठ नागरिक र बालबालिकाका लागि पोषणयुक्त खानाको उपयोग र व्यवस्थापन सम्बन्धी आवश्यक कार्यविधि/निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>२. समुदायमा आधारित सकारात्मक पोषण व्यवहार प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. तीनै तहका सरकारद्वारा सरोकारवाला सङ्घ-संस्थाको समन्वयमा कुपोषणको उपचारको लागि उपचारात्मक खानाको व्यवस्था गरिनेछ। |
| (झ रोजगार प्रवर्धनात्मक कार्यक्रमहरूलाई | १. जोखिममा परेका समूह एवम् समुदाय लक्षित खाद्य सुरक्षा सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>२ खाद्य सुरक्षाको प्रत्याभूतिको लागि न्यूनतम रोजगार सुनिश्चित गर्ने तथा विपद् |

| रणनीति | कार्यनीति |
|---|---|
| खाद्य प्रणाली र सामाजिक सुरक्षा प्रणालीसँग आवद्ध गर्ने। | एवम् सङ्कटको अवस्थामा थप आम्दानी प्रदान गर्ने सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

## ७.६ उद्देश्य ६.६ सँग सम्बन्धित रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (क तीनै तहका सरकारका कृषि तथा खाद्य सम्वन्धी कानूनी, संस्थागत र संरचनागत संयन्त्रहरूको स्थापना र सुदृढीकरण गर्ने। | १. राष्ट्रिय खाद्य परिषद्, प्रदेश खाद्य परिषद्, स्थानीय खाद्य समन्वय समितिको स्थापना गरी प्रभावकारी समन्वयको व्यवस्था गरिनेछ।<br>२. संस्थागत सरचना सुदृढीकरण गर्नको लागि निर्देशिका एवम् कार्यविधि तर्जुमा र कार्यान्वयन गरिनेछ।<br>३. प्रदेश र स्थानीय तहद्वारा खाद्य प्रणाली रुपान्तरणको रणनीति योजना तर्जुमा गरिनेछ।<br>४. खाद्य प्रणाली रुपान्तरणसम्बन्धी नीतिगत व्यवस्थापनको लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा राष्ट्रिय निर्देशक समिति र सरकारी, गैर सरकारी एवम् निजी क्षेत्रबाट हुने कार्यक्रमलाई समन्वय र सहजीकरण गर्न सदस्यको संयोजकत्वमा समन्वय र सहजीकरण समितिको व्यवस्था गरिनेछ।<br>५. खाद्य प्रणाली रुपान्तरणसम्बन्धी सरकारी, गैर सरकारी एवम् निजी क्षेत्रबाट संचालन हुने वार्षिक कार्यक्रम र सो को प्रगति विवरण नियमित रुपमा प्रतिवेदन गर्ने (Reporting) व्यवस्था मिलाईने छ। |
| (ख आवधिक योजनाहरू र दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गर्नको लागि सहजीकरण गर्ने। | १. तीनै तहका आवधिक योजना, दिगो विकास लक्ष्य र खाद्य प्रणाली रूपान्तरणका कार्यक्रमहरूवीच अन्तरआबद्धता कायम गरिनेछ।<br>२. प्रदेश र स्थानीय तहमा अभिमुखीकरण एवम् सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. विद्यमान खाद्य प्रणाली रूपान्तरणका लागि राष्ट्रिय खाद्य योजना (National Food Plan) तर्जुमा तथा कार्यान्वयन गरिनेछ।<br>४. खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना कार्यान्वयनका लागि स्थानीय तहलाई प्रोत्साहन एवम् क्षमता विकास गरिनेछ। |
| (ग) खाद्य प्रणाली सुशासन सुधारको लागि | १ खाद्य प्रणालीमा सुशासन कायम गर्न कृषक समूह, सहकारी, निजी सङ्घ संस्था र नागरिक समाजको क्षमता अभिवृद्धि गरिनेछ।<br>२ खाद्य प्रणालीसँग सम्बन्धित कृषक, उपभोक्ता सङ्घ संस्था र नागरिक |

| रणनीति | कार्यनीति |
|---|---|
| सरोकारवाल संस्थाहरूको क्षमता विकास गर्ने। | संगठनहरूसँगको सहकार्यमा सुशासन पैरवी संयन्त्र बनाइनेछ। |
| (घ) खाद्य सुरक्षा सम्बन्धी नीति निर्माण र कार्यान्वयनलाई तथ्यपरक, सुदृढ र व्यवस्थित गर्ने। | १. तथ्याङ्क सङ्कलनलाई विद्यमान प्रणालीसँग आबद्ध गर्दै विश्लेषण, अभिलेखीकरण र उचित व्यवस्थापन गरिनेछ।<br>२. तथ्याङ्कको आधारमा खाद्य र पोषण सुरक्षा उत्तरदायी योजनाको निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ।<br>३. विद्यमान खाद्य सुरक्षा अनुगमन प्रणालीलाई समयानुकूल परिमार्जन गरी संस्थागत गरिनेछ।<br>४. कृषि क्षेत्रसँग सम्बन्धित नीति, कानुन, योजना, बजेट, अनुगमन मूल्याङ्कन, अध्ययन अनुसन्धान, जनशक्ति व्यस्थापन, प्रचारप्रसार लगायतका विषयलाई तथ्यमा आधारित बनाई तहगत समन्वय र सहकार्य कायम गरिनेछ। |

## ८. कार्ययोजना

यस रणनीतिक योजनाका लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि विशिष्ट क्रियाकलापहरू पहिचान गरिएको छ। पहिचान गरिएका केही क्रियाकलाप सञ्चालन गरिने अवधि, उपलब्धि प्राप्तिका सूचक, क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवार निकाय तथा सहयोगी निकाय समावेश गरिएको नमूना कार्ययोजना अनुसूचीमा संलग्न गरिएको छ। यसैका आधारमा विषयगत मन्त्रालयद्वारा यस रणनीतिक योजना कार्यान्वयनको लागि आ-आफ्नो विषय क्षेत्रमा विस्तृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। खाद्य प्रणाली रूपान्तरणको प्रक्रिया मूल रूपमा स्थानीय तहबाट नै सञ्चालन हुनुपर्ने परिस्थितिमा यस कार्ययोजनाको स्थानीयकरण गरी कार्यान्वयन गरिनेछ।

## ९ अपेक्षित उपलब्धि

यस रणनीतिक योजनाले समतामूलक, उत्थानशील र दिगो खाद्य प्रणाली रूपान्तरणका लागि आगामी सन् २०३० सम्म दिगो विकासको लक्ष्यको साथै राष्ट्रिय नीतिहरूले तोकेका दीर्घकालीन लक्ष्य हासिल गर्न खाद्य प्रणालीसँग सम्बन्धित सूचकाङ्क, खाद्य सुरक्षा तथा पोषणको स्थिति, खाद्य असुरक्षा अनुभव मापन (Food Insecurity Experience Scale -FIES) र सम्बन्धित अन्य सूचकाङ्कहरूको अवस्थामा सुधार गर्ने अपेक्षा गरिएको छ। यसले मुख्यतया सन् २०३० सम्म खाद्य असुरक्षा अनुभव मापनमा आधारित मध्यम वा गम्भीर खाद्य असुरक्षाको दर (Prevalence) ७.८ बाट २ प्रतिशतमा र कुपोषित (Undernourished) जनसंख्या ५.५ बाट ३ प्रतिशत, आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार ४८ बाट ८० प्रतिशत र ग्लोबल खाद्य सुरक्षा सूचकाङ्क

बमोजिम नेपालको सूचकाङ्क ५६.९ बाट ९० मा पुऱ्याउने लक्ष्य प्राप्त गर्न महत्वपूर्ण योगदान गर्ने छ। स्थानीय अनुकूलन (Adaptation) योजना तर्जुमा र कार्यान्वयन गर्ने स्थानीय तहहरूको सङ्ख्या ६० पुऱ्याइने, माटोको जैविक पदार्थको मात्रा (Soil Organic Matter) ४ प्रतिशत पुऱ्याइने, समान कामका लागि ज्याला/पारिश्रमिकमा (महिला र पुरुषविचको समानतामूलक ज्यालाको अनुपात) ०.६६ बाट ०.९२ पुऱ्याइने र बहुआयामिक गरिबी सूचकाङ्क (Multidimensional Poverty Index -MPI) १७.४ बाट १० प्रतिशतमा घटाउने लक्ष्य पूरा गर्नको लागि महत्वपूर्ण औजारको रूपमा योगदान पुर्याउने छ ।

## १८. अनुगमन तथा मूल्याङ्कन

यस रणनीतिले तय गरेका सोच, लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफल र रूपान्तरणका मुख्य क्रियाकलापहरूको निम्न विधि तथा संयन्त्र प्रयोग गरी नियमित रूपमा अनुगमन मूल्याङ्कन गरिनेछः

क. **अनुगमन तथा मूल्याङ्कन खाकाः** सोच, लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलको प्रगति समीक्षा गर्न खाद्य प्रणाली अनुगमन मूल्याङ्कन खाका तयार गरी सोको कार्यान्वयन गरिनेछ।

ख. **समीक्षाः** खाद्य प्रणाली रूपान्तरण रणनीतिक योजना कार्यान्वयनको प्रत्येक तीन वर्षमा समीक्षा गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## ११. अनुसूची: कार्य योजना (Action Plan)

| क.सं. | क्रियाकलाप | समयावधि | सूचक | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **कार्यक्षेत्र १: सबैका लागि स्वच्छ तथा पोषणयुक्त खाद्यको पहुँचको सुनिश्चितता** | | | | | |
| १.१ | कृषि, खाद्य, पोषण र स्वास्थ्य, शिक्षा र अन्य क्षेत्रगत नीतिहरूबीच सामञ्जस्यता गर्ने। | ५ वर्ष | राष्ट्र, प्रदेश र स्थानीय [illegible] नीतिहरूको समीक्षा तथा अध्ययन प्रतिवेदन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश र स्थानीय तह |
| १.२ | कृषिमैत्री भू-उपयोग प्रणालीको [illegible] | ५ वर्ष | सङ्घीय, प्रादेशिक र स्थानीय [illegible] | भूमि व्यवस्था, सहकारी [illegible] मन्त्रालय | कृषि तथा पशुपन्छी विकास [illegible] राष्ट्रिय योजना आयोग |
| १.३ | सिँचाइ क्षेत्रको विस्तार, सडक, भण्डारण र प्रशोधन जस्ता कृषि पूर्वाधारहरू विकास गर्ने। | ५ वर्ष | पूर्वाधारहरूको विकास बारेका तथ्याङ्क, आर्थिक सर्वेक्षण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भौतिक योजना तथा यातायात मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेशको कृषि, भौतिक, पूर्वाधार र सिँचाइसँग सम्वन्धित मन्त्रालय र स्थानीय तह |
| १.४ | पोषण संवेदनशील कृषि प्रविधिको विकास र प्रसार गर्ने | ५ वर्ष | कृषि अनुसन्धान, प्रसार र शिक्षामा लगानीको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | राष्ट्रिय योजना आयोग, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि तथा वन |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| क्र.सं. | क्रियाकलाप | समयावधि | सूचक | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | कृषि अनुसन्धान, प्रसार र शिक्षामा लगानी बढाउने। | | | | विश्व विद्यालय, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह |
| १.५ | विभिन्न तहहरूमा पोषणयुक्त स्थानीय बाली एवम् वस्तुहरूको संरक्षण, प्रवर्धन र उपयोग गर्न सामुदायिक खाद्य बैङ्कहरूको स्थापना र परिचालन गर्ने। | ५ वर्ष | खाद्य बैङ्क र खाद्य भण्डारणको संख्या तथा सञ्चालनको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, कृषि सहकारी समूह |
| १.६ | तथ्यमा आधारित कृषि, खाद्य सुरक्षा र पोषण योजना तर्जुमा प्रक्रियालाई सबल बनाउन विभिन्न तहमा खाद्य सुरक्षा सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने। | ३ वर्ष | खाद्य सुरक्षा सूचना व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालनको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, कृषि सहकारी तथा समूह, निजी क्षेत्र |
| १.७ | कृषि अभ्यासहरू (डिजिटल कृषि प्रसार, मार्केटिङ आदि) को डिजिटाइजेसन र सबै तहहरूमा कृषि, पोषण र खाद्य | ५ वर्ष | डिजिटल एपहरूको प्रयोग र सञ्चालनको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह, निजी क्षेत्र, कृषक सहकारी समूह |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौं

| क्र.सं. | क्रियाकलाप | समयावधि | सूचक | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | सुरक्षामा क्षमता सुदृढीकरण गर्ने। | | | | |
| १.८ | स्थानीय परिवेश अनुकूल लैङ्गिकमैत्री गुणस्तरीय कृषि सामग्रीको उत्पादन र आपूर्ति, प्रविधिको विकास र बजार प्रणालीमा सुधार गर्ने। | ५ वर्ष | गुणस्तरीय कृषि सामग्रीको आपूर्ति तथा स्थानीय परिवेश अनुरूपका कृषि औजार तथा प्रविधिको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, कृषि औजार कारखान लिमिटेड, कृषक सहकारी समूह, निजी क्षेत्र |
| १.९ | साना किसानहरूका खेती प्रणालीलाई एकीकृत गरी आहारमा विविधता र मूल्य अभिवृद्धिमा वढावा दिने। | ५ वर्ष | एकीकृत खेती प्रणाली अनुरूप सञ्चालित फार्म तथा आवद्ध कृषकको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, नेपाल कृषि अनुसन्धान परिषद्, कृषक सहकारी, कृषक सङ्घ संस्था, गैसस, निजी क्षेत्र |
| १.१० | असल कृषि अभ्यासहरू (Good Agriculture Practices), असल उत्पादन अभ्यासहरू (Good Manufacturing Practices) आदि अपनाएर उत्पादनको गुणस्तर सुनिश्चितता र गुणस्तर प्रमाणीकरण प्रणाली | ४ वर्ष | असल कृषि अभ्यासहरू र असल उत्पादन अभ्यासहरूको प्रमाणीकरण गर्ने प्रणाली, उत्पादनका सूची र कार्यान्वयन गरिएको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद्, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय तथा स्थानीय तह, निजी क्षेत्र, कृषक समूह तथा सहकारी |

| क्र.सं. | क्रियाकलाप | समयावधि | सूचक | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | स्थापित गर्ने। | | | | |
| १.११ | वनमा आधारित खाद्य उत्पादन र बिग्रँदो पारिस्थितिकीय अवस्थाको पुनर्स्थापनाका लागि समुदायमा आधारित वन व्यवस्थापन अवधारणाको प्रयोग गर्ने। | ५ वर्ष | समुदायमा आधारित वन व्यवस्थापनका नवीनतम अवधारणा कार्यान्वयनको अवस्था | वन तथा वातावरण मन्त्रालय | प्रदेशको वन क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, कृषि तथा वन विश्वविद्यालय, सामुदायिक वन समूह, गैसस, निजी क्षेत्र |

| कार्यक्षेत्र २: दिगो उपभोग पद्धतिको अवलम्बन | | | | | |
|---|---|---|---|---|---|
| २.१ | खानेकुरामा भएको पोषणतत्वको प्रोफाइल (Nutrient Profiling Model) तयार गरी यसको आधारमा प्रशोधित खाद्य पदार्थको बिक्री वितरणलाई नियमन गर्ने। | ३ वर्ष | खानेकुरामा भएको पोषणतत्वको प्रोफाइल प्रतिवेदन तथा खाद्य पदार्थहरूको बिक्री वितरणको नियमनको संख्या। | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल कृषि अनुसन्धान परिषद् |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| २.२ | प्रशोधित खाद्य पदार्थमा पोषण लेबलिङलाई प्रवर्धन गर्ने। | निरन्तर | प्रशोधित खाद्य पदार्थमा पोषण लेबलिङको कार्यविधि तथा निर्देशिका | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| २.३ | स्वस्थ आहार र खानपान सम्बन्धी ज्ञानको प्रवर्धन गर्न विद्यालय पोषण शिक्षा कार्यक्रम लागु गर्ने। | निरन्तर | पोषण शिक्षा कार्यक्रम सञ्चालित विद्यालय र सहभागी विद्यार्थीको संख्या | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेशको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय, प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह |
| २.४ | प्रशोधित तथा अन्य खाद्य पदार्थहरूमा प्रयोग हुने कमसल प्याकेजिङ, भ्रामक विज्ञापन तथा बजारीकरण प्रक्रियालाई नियमन गर्ने। | निरन्तर | नियमनका प्रतिवेदन | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, प्रदेश सरकार, स्थानीय तह |
| २.५ | वातावरण, खाद्य क्षति, किफायतीपना, स्थानीय खाद्य लगायतका विषयहरूलाई समावेश गरी खाद्य-आधारित आहार निर्देशिकाहरू (Food Based Dietary Guidelines) निर्माण गर्ने। | ३ वर्ष | खाद्य आधारित आहार निर्देशिकाहरू | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल कृषि अनुसन्धान परिषद् |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| २.६ | मातृ, शिशु र बाल पोषण (Maternal, infant and young child nutrition-MIYCN) मैत्री कानूनी संरचना, भौतिक वातावरण र सुविधा विकास एवम् विस्तार गर्ने। | ५ वर्ष | मातृ, शिशु र बाल पोषणका कार्यक्रम तथा क्रियाकलापहरूको संख्या तथा कानुनी संरचना निर्माणको अवस्था | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, नेपाल स्वास्थ्य अनुसन्धान परिषद |
| २.७ | स्तनपानलाई प्रोत्साहन गर्दै शिशु र बालबालिकाको स्तनपानमा पहुँच बढाउन अस्पतालहरूमा मानव दुध बैङ्कहरू स्थापनामा लगानी वृद्धि गर्ने। | ५ वर्ष | स्तनपानलाई प्रोत्साहन गर्ने व्यवस्थाको अनुगमन प्रतिवेदनहरू र मानव दुध बैङ्कको संख्या | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह |
| २.८ | खाद्य बजारको प्रभावकारी नियमन मार्फत् अत्याधिक प्रशोधित खाद्य पदार्थ निरूत्साहित गर्दै पोषण सुनिश्चित गर्ने। | ५ वर्ष | खाद्य बजारको नियमन बारेका प्रतिवेदन तथा कुपोषित बालबालिकाको संख्या | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, प्रदेश सरकार र स्थानीय तह, जिल्ला प्रशासन कार्यालयहरू, शैक्षिक सङ्घ संस्था, निजी क्षेत्र |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| २.९ | विद्यालय दिया खाजा, सार्वजनिक र आधिकारिक कार्यक्रमको मुख्य खाना र खाजाको रूपमा पोषणयुक्त रैथाने र स्थानीय खाद्यको उपयोग। अभिवृद्धि गर्ने। | निरन्तर | विद्यालय दिवा खाजा सम्बन्धी प्रतिवेदन, पोषणयुक्त रैथाने र स्थानीय खाद्य पदार्थहरूको उत्पादन तथा उपभोगको अवस्था सम्बन्धी तथ्याङ्क | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, कृषक समूह तथा सहकारी, निजी क्षेत्र |
| २.१० | पोषणयुक्त स्थानीय एवम् रैथाने बाली तथा वस्तुको खेतीलाई प्रोत्साहन गर्न सहयोग उपलब्ध गराउने। | ५ वर्ष | कार्यक्रमहरूको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, कृषक समूह तथा सहकारी, गैसस, निजी क्षेत्र |
| २.११ | पोषणयुक्त खानेकुराको उपभोगका लागि शिक्षा र सचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने। | ५ वर्ष | सामाजिक व्यवहार र खाद्य आनीबानी परवर्तनमा केन्द्रित कार्यक्रमको संख्या | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि तथा वन विश्वविद्यालय, प्रदेशको शिक्षा र स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |
| २.१२ | रैथाने विउको संरक्षण, प्रवर्धन र दर्तामा सुधार गर्ने। | ५ वर्ष | दर्ता भएका रैथाने विउको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, कृषक समूह तथा सहकारी, कृषि तथा वन विश्वविद्यालय |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| २.१३ | स्वस्थ खानाको उत्पादन र बजारीकरण गरी स्वस्थ आहार पद्धतिमा व्यापकता ल्याउन निजी क्षेत्र, नागरिक समाज र युवा वर्गलाई परिचालन गर्ने । | निरन्तर | निजी क्षेत्र, नागरिक समाज र युवा वर्गलाई परिचालन सम्बन्धी कार्यक्रमको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्रदेश सरकार, स्थानीय तह, कृषक समूह तथा सहकारी, निजी क्षेत्र |
| २.१४ | खाद्यको पौष्टिकतत्व स्तरोन्नति (Food Fortification) का मापदण्डहरू विकास गरी खाद्यवस्तु स्तरोन्नतिकरणका लागि उत्पादन र प्रवर्धन गर्न खाद्य उद्योगीलाई सहुलियत दिने व्यवस्था गर्ने। | ५ वर्ष | खाद्यवस्तु स्तरोन्नतीकरण (Food Fortification) का मापदण्ड तथा कार्यविधि सहुलियत प्राप्त गर्ने खाद्य उद्योगहरूको संख्या | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र |
| २.१५ | खाद्य पदार्थमा प्रतिजैविक (Antibiotic) र रासायनिक तथा कीटनाशकको अवशेषलाई कम गर्ने। | निरन्तर | अवशेष परीक्षण प्रयोगशालाका प्रतिवेदनहरू | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| २.१६ | निजी क्षेत्रसँगको साझेदारीमा हरित प्रविधि एवम् पुनरूत्पादक कृषि अभ्यासहरूमा आधारित स्थानीय बाली एवम् वस्तुहरूको मूल्य शृङ्खला विकास गर्ने। | ५ वर्ष | सर्वेक्षण, अध्ययन तथा प्रगति र अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, कृषक समूह सहकारी, गैसस, निजी क्षेत्र |
| २.१७ | स्थानीय पुनरुत्पादक उत्पादन प्रणालीको पुनरूत्थान मार्फत् कृषि वन तथा एकीकृत खेती प्रणालीमा केन्द्रित बाली, पशु, वन र चरन भूमिको व्यवस्थापन गर्ने। | ५ वर्ष | कृषि . वन तथा एकीकृत खेती प्रणालीको प्रवर्धन बारेका अध्ययन तथा प्रगति प्रतिवेदन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | वन तथा वातावरण मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि तथा वन विश्वविद्यालय, कृषक समूह तथा सहकारी, गैसस, निजी क्षेत्र |
| २.१८ | उपयुक्त प्रविधि, पूर्वाधार र रणनीतिको प्रयोगबाट कृषि उपजको उत्पादन, उत्पादन पश्चात् खाद्यमा हुने क्षति (Post-harvest loss) र खेर फाल्ने (waste) प्रवृत्तिलाई न्यूनीकरण गर्ने। | निरन्तर | क्षति र खेर जाने परिमाण सम्वन्धी तथ्याङ्क | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्, प्रदेश सरकार, स्थानीय तह, कृषक समूह तथा सहकारी, निजी क्षेत्र |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| कार्यक्षेत्र ३: प्रकृतिमैत्री उत्पादन प्रणाली | | | | | |
|---|---|---|---|---|---|
| ३.१ | जलवायु उत्थानशील कृषि र खाद्य प्रणालीको विकास र अवलम्वन गर्ने। | ४ वर्ष | जलवायु उत्थानशील कृषि प्रविधिको प्रवर्धनात्मक कार्यक्रम एवम् क्रियाकलापको संख्या र प्रगति प्रतिवेदन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद्, प्रदेश सरकार, स्थानीय तह, कृषक समूह तथा सहकारी, गैसस |
| ३.२ | सुदृढ तथा स्वस्थ कृषि पर्यावरणका लागि खाद्य-पानी-ऊर्जा-जैविक विविधता-स्वास्थ्य सम्वन्ध (Nexus) मा लगानी गर्ने | ५ वर्ष | कृषि पर्यावरणमा लगानीको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि तथा वन विश्वविद्यालय, कृषक समूह तथा सहकारी, गैसस, निजी क्षेत्र |
| ३.३ | भू-उपयोग ऐन (२०७६) र भू-उपयोग नीति (२०७२) को कार्यान्वयनद्वारा एकीकृत दिगो भूमि व्यवस्थापन गर्ने। | ३ वर्ष | एकीकृत दिगो भूमि व्यवस्थापन सम्वन्धी कार्यक्रम सञ्चालनको अवस्था र भू-उपयोग योजना तर्जुमाको संख्या | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रदेशको भूमि व्यवस्था हेर्ने मन्त्रालय, स्थानीय तह, भूमि र कृषिसँग सम्वन्धित सरोकारवाला, निजी क्षेत्र |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| ३.४ | पर्यावरणीय कृषि र प्राङ्गारिक खेती मार्फत् स्थानीय खाद्य प्रणालीको पुनरुत्थान गर्ने। | ५ वर्ष | पर्यावरणीय कृषि र प्राङ्गारिक खेतीको प्रवर्द्धन सम्बन्धी कार्यक्रमको संख्या र प्रगति प्रतिवेदन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, नेपाल कृषि अनुसन्धान परिषद, कृषक समूह, सहकारी, गैसस, निजी क्षेत्र |
| ३.५ | घुम्ते बाली, कोशेबाली, संरक्षण कृषि (Conservation Farming) तथा प्राङ्गारिक मलको प्रयोग मार्फत् माटोको गुणस्तरमा सुधार गर्ने। | ५ वर्ष | माटोको गुणस्तर परीक्षण प्रतिवेदन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, कृषक समूह/सहकारी, निजी क्षेत्र |
| ३.६ | स्थानीय एवम् रैथाने ज्ञान र असल अभ्यासको उपयोग गरी कृषि जैविक विविधताको संरक्षण र दिगोपनाको लागि अनुसन्धान र विकासमा सरकारी एवम् निजी क्षेत्रबाट लगानी गर्ने। | ५ वर्ष | कृषि जैविक विविधताको संरक्षण तथा अनुसन्धान र विकास सम्बन्धी कार्यक्रमको संख्या र लगानीको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, नेपाल कृषि अनुसन्धान परिषद, कृषि तथा वन सम्बन्धी अध्ययन संस्थान, कृषक समूह, सहकारी, गैसस, निजी क्षेत्र |
| ३.७ | कृषि सूचना, ज्ञान, डाटाबेस र सेवा प्रणाली स्थापना गरी कृषि प्रसार प्रभावकारी बनाउने। | ५ वर्ष | प्रणाली स्थापना र कार्यान्वयनको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, नेपाल कृषि अनुसन्धान परिषद, कृषि तथा वन विश्वविद्यालय, कृषक समूह/सहकारी, गैसस, निजी क्षेत्र |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ३.८ | हरित, जलवायु मैत्री, उत्थानशील र पुनरुत्पादक प्रविधिहरू र नवप्रवर्तनमा लगानी वृद्धि गर्ने। | ५ वर्ष | लगानीको अवस्था र अनुसन्धान प्रतिवेदन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, कृषि तथा वन विश्वविद्यालय, कृषक समूह, सहकारी, गैसस निजी क्षेत्र |
| **कार्यक्षेत्र ४: समन्यायिक जीविकोपार्जनको अवस्थामा बढोत्तरी** | | | | | |
| ४.१ | कृषकको पहिचान र वर्गीकरणको आधारमा किसान परिचय-पत्रको व्यवस्था गरी उचित प्रोत्साहन एवम् सेवा सुविधा प्रदान गर्ने। | ३ वर्ष | किसान परिचय-पत्र र सेवा प्राप्त कृषकको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तह |
| ४.२ | खाद्य प्रणाली विविधीकरण, पाक कलामा अन्वेषण र उच्च मूल्यको औद्योगिक बाली प्रशोधन सम्बन्धी उद्योगको प्रवर्धन गर्ने। | ५ वर्ष | प्रशोधन उद्योगको संख्या | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्रदेश सरकार, स्थानीय तह, नेपाल कृषि अनुसन्धान परिषद, निजी क्षेत्र, सहकारी, कृषक समूह, |
| ४.३ | महिला, साना किसान र निम्न वर्गका लागि सहकारी एवम् करार खेती र बाँझो जमिनको उपयोग मार्फत् समावेशी अधिकार सुनिश्चित गर्ने। | २ वर्ष | सहकारी एवम् करार खेतीमा सलग्न कृषकको संख्या र बाँझो जमिन उपयोगको अवस्था | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, | प्रदेशको भूमि व्यवस्था हेर्ने मन्त्रालय, स्थानीय तह, भूमि सम्बन्धी सरोकारवाला सङ्घ, संस्था, कृषक समूह, सहकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.४ | खाद्य प्रणालीबाट सिर्जना हुने रोजगारी र लक्षित कार्यक्रममा समान पहुँचको लागि स्थान विशेष कार्यक्रम सञ्चालन गर्न नीति, मापदण्ड निर्देशिका लागू गर्ने। | ३ वर्ष | स्थान विशेष कार्यक्रमको संख्या र नीति, मापदण्ड, निर्देशिकाको स्थानीयकरणको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेशको कृषि र श्रम क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तह |
| ४.५ | उपभोक्ता र वजारको आवश्यकता, प्राथमिकता र मागमा आधारित अनुसन्धान गर्ने। | ५ वर्ष | अनुसन्धान प्रतिवेदन | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, नेपाल कृषि अनुसन्धान परिषद, निजी क्षेत्र, कृषक समूह, सहकारी र गैसस |
| ४.६ | ग्रामीण खाद्य प्रणालीको रूपान्तरण प्रक्रियामा उत्पादक, विक्रेता, वजार र उपभोक्तालाई सहभागी गराउने। | ५ वर्ष | समिति र निर्णय प्रक्रियामा सहभागिताको अवस्था | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, कृषक समूह, सहकारी |
| ४.७ | साना तथा मझौला उद्यमको क्षमता र सीप अभिवृद्धि, वजार विस्तार तथा उत्पादन सामग्रीमा सहज पहुँचको व्यवस्था गर्ने। | ५ वर्ष | कार्यक्रमको संख्या र व्यवसाय स्थापना गर्न सहुलियतपूर्ण ऋण र प्राविधिक सहयोग सम्वन्धी प्रतिवेदन | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, निजी क्षेत्र |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ४.८ | युवाहरूलाई लाभदायक र प्रतिस्पर्धी स्थानीय उत्पादनमा संलग्न हुन प्रोत्साहित गर्ने। | ५ वर्ष | उत्पादनमा सहभागी युवाहरूको संख्या | युवा तथा खेलकुद मन्त्रालय | अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, निजी क्षेत्र |
| ४.९ | अल्पसंख्यक र सीमान्तकृत समूहलाई निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा कृषिमा आधारित उत्पादन, उद्यमशीलता, बजारीकरणमा सहयोग गर्ने। | ३ वर्ष | कृषि तथा उद्यमशीलताका सेवामा पहुँच प्राप्त अल्पसंख्यक र सीमान्तकृत कृषक संख्या | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेशको कृषि तथा उद्योग क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह निजी क्षेत्र, कृषक समूह, सहकारी, गैसस |
| **कार्यक्षेत्र ५: विपद् तथा जोखिमको विरुद्धमा उत्थानशील खाद्य प्रणाली निर्माण** | | | | | |
| ५.१ | विपद् जोखिम र प्रभावित समुदायको नक्शाङ्कन तथा अनुगमन प्रणाली संस्थागत गर्ने। | ३ वर्ष | अनुगमन प्रणालीको स्थापना | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | कृषि तथा पशुपन्छी विकास मन्त्रालय राष्ट्रिय योजना आयोग, विकास साझेदार, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तह |
| ५.२ | खाद्य असुरक्षित क्षेत्रमा सुपथ मूल्य पसल, आपतकालका लागि खाद्यान्न भण्डारण र खाद्य वितरण प्रणाली सुदृढ गर्ने। | ३ वर्ष | सामुदायिक खाद्य बैङ्क, आपतकालीन भण्डारण र गोदामघरको सञ्चालनको अवस्था | उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालय | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रदेशको आपूर्ति क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तह, कृषक समुदाय, सहकारी, निजी क्षेत्र |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| ५.३ | जोखिममा परेका समुदायलाई परिचय पत्रको आधारमा सेवा सुविधा प्रदान गर्ने। | ५ वर्ष | परिचय पत्र र सेवा प्राप्त गर्नेको संख्या | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रदेशको कृषि र सामाजिक सुरक्षा क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह र सहकारी |
| ५.४ | मौसम पूर्वानुमान र कृषि सूचना (Agriculture Advisory) को प्रभावकारी कार्यान्वयन। | ३ वर्ष | Agriculture Advisory मा आवद्ध र मौसमी सूचना तथा कृषिमैत्री सल्लाह कार्यक्रम र परामर्श प्राप्त कृषकको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, प्रदेशको वातावरण क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह र जलवायु सम्बन्धी सरोकारवाला सङ्घ संस्था |
| ५.५ | उत्थानशील प्रविधि, उचित जल व्यवस्थापन र सिँचाइ प्रविधिबारे अनुसन्धान र विकास गर्ने। | ३ वर्ष | अध्ययन, अनुसन्धान प्रतिवेदन | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रदेशको कृषि र सिँचाइ क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह र कृषक सहकारी समुदाय |
| ५.६ | उत्थानशीलता वृद्धिको लागि आपूर्ति शृङ्खलामा सरोकारवालाको संलग्नतालाई सवलीकरण गर्ने। | ३ वर्ष | उत्थानशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रमको संख्या | स्थानीय तह | गृह मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, निजी क्षेत्र |
| ५.७ | विपद् व्यवस्थापनमा तीनै तहका सरकार र सरोकारवाला बीचको समन्वयलाई प्रभावकारी बनाउने। | ३ वर्ष | विपद् व्यवस्थापन सम्वद्ध समितिको बैठक संख्या | गृह मन्त्रालय | प्रदेश सरकार र स्थानीय तह, निजी क्षेत्र |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| ५.८ | पूर्वतयारी, पूर्वकार्य, प्रतिकार्य र पुनर्लाभ (Recovery) स्थापना तथा पुनर्लाभ सुदृढीकरण र विमाको विस्तार गर्ने। | ३ वर्ष | पूर्वतयारी, पूर्वकार्य, प्रतिकार्य र पुनर्लाभ योजना कार्यान्वयन सम्बन्धी प्रतिवेदन तथा विमालेखको संख्या | गृह मन्त्रालय | वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय, सम्वन्धित प्रदेश मन्त्रालयहरू, स्थानीय तह, बीमा प्राधिकरण, कृषक समुदाय, सहकारी, गैसस, निजी क्षेत्र |
| ५.९ | विपद् जोखिममा परेका समुदायका लागि लाभान्वित हुने गरी उत्पादन स्रोत व्यवस्थापन र वजार प्रणालीमा समावेशी शासन प्रवर्धन गर्ने। | ५ वर्ष | उत्पादन स्रोत व्यवस्थापन र बजार प्रणालीमा महिला, आदिवासी जनजाती, दलित र गरिब परिवारको सहभागिताको तथ्याङ्क | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेशको उद्योग, वन र कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, निजी क्षेत्र, कृषक समूह, सहकारी, सामुदायिक वन उपभोक्ता समूह |
| ५.१० | कुपोषणको रोकथाम र उपचारको व्यवस्थापन गर्ने। | ३ वर्ष | कुपोषणको उपचारको लागि उपचारात्मक खाना प्राप्त गर्नेको तथ्यांक | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेशको स्वास्थ्य र कृषि क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तह |
| ५.११ | विपद् पश्चात् सञ्चालन गरिने रोजगार प्रवर्धनात्मक कार्यक्रमलाई खाद्य प्रणाली र सामाजिक सुरक्षा प्रणालीसँग आवद्ध गर्ने। | ५ वर्ष | सामाजिक सुरक्षामा आवद्ध भएको जनसंख्या | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेशको श्रम तथा सामाजिक सुरक्षा क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यक्षेत्र ६: खाद्य सुशासन तथा खाद्य प्रणाली रूपान्तरणका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन कार्यान्वयन | | | | | |
| ६.१ | तीनै तहमा कानुनी तथा संस्थागत संरचनाको स्थापना र सुदृढीकरण गर्ने। | ५ वर्ष | कानूनहरूको संख्या तथा खाद्य परिषद्/समिति, खाद्य सुरक्षा सूचना केन्द्रहरूको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह |
| ६.२ | खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐनको प्रावधान अनुरूप राष्ट्रिय खाद्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | २ वर्ष | राष्ट्रिय खाद्य योजना तर्जुमा र कार्यान्वयनको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह, विकास साझेदार |
| ६.३ | खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, नियमावली, नीति र कार्यक्रमहरूको बारेमा जनप्रतिनिधि, किसान र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने। | ३ वर्ष | अभिमुखीकरण कार्यक्रमको संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, किसान समूह र सहकारी |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ६.४ | कानुन र निर्देशिकाहरू कार्यान्वयन गरी सुशासन र जवाफदेहितालाई सुदृढ गर्ने। | ५ वर्ष | विद्यमान सयन्त्रहरूमा प्राप्त पृष्ठपोषण र गुनासोका संख्या | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, निजी क्षेत्र र गैसस |
| ६.५ | आवधिक योजना, दिगो विकास लक्ष्य र खाद्य प्रणाली रूपान्तरणको रणनीतिलाई स्थानीयकरण गर्न सहजीकरण गर्ने। | ३ वर्ष | स्थानीयकरणको लागि सहजीकरण तालिम तथा अन्तरक्रिया कार्यक्रम र खाद्य प्रणाली रूपान्तरणको रणनीति तर्जुमा भएको स्थानीय तहको संख्या | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रिय योजना आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह |
| ६.६ | खाद्य सुरक्षा सम्बन्धी नीति निर्माणलाई तथ्यपरक, सुदृढ र व्यवस्थित बनाउने | ५ वर्ष | तथ्याङ्कको अभिलेखीकरण र व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयनको अवस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | राष्ट्रिय योजना आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय, प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तह |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं